मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## जनमतका सचिव बीपी निलम्बित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले आफ्ना केन्द्रीय सचिव विशेश्वर प्रसाद (बीपी) साहलाई निलम्बन गरेको छ । उनीविरुद्ध दर्ता भएको बलात्कार मुद्दामा अनुसन्धान पूरा नभएसम्म पार्टीको सचिव पद तथा साधारण सदस्यबाट पनि निलम्बन गरिएको केन्द्रीय अनुशासन समितिका संयोजक इन्जिनियर नरेन्द्र प्रसाद चौधरीले जानकारी दिए ।
केन्द्रीय अनुशासन समितिले सोमबार जारी गरेको पत्रमा २०८१ चैत्र ३१ गते साहविरुद्ध जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएर गत भदौ ५ गते जिल्ला प्रहरी कार्यालय धनुषाले त्यस सम्बन्धमा सूचना जारी गरेको उल्लेख गरिएको छ ।
उक्त घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै समितिले साहलाई सात दिनभित्र स्पष्टीकरण पेश गर्न आग्रह गरेको छ ।

● वर्ष ३ ● अंक २९२ ● २०८२ साल भाद्र ३१ गते मंगलबार ● Tuesday 16, September 2025 ● सूर्योदय: बिहान ५:५१ बजे ● सूर्यास्त: साँझ ६:०८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# गणतान्त्रिक देशः निर्दलीय मन्त्रिपरिषद्



**मधेशदृष्टि**
**वीरगंज ।**
अघिल्लो सोमबारदेखि भएको जेन्जी पुस्ताको आन्दोलनको उपलब्धीका रुपमा बनेको नयाँ सरकारमा सोमबार तीन मन्त्री थपिएका छन् । एक भन्दा बढी मन्त्रालयको पनि कमाण्ड सम्हाल्ने गरी थपिएका मन्त्रीहरुको पदभार, पहिलो निर्णय र घोषणा पनि अघिल्लो सरकारका स्टन्टबाजकै झल्को दिने खालका छन् । यद्यपि तीनैजना मन्त्रीले केही आसाको किरण जगाएका छन् ।
६ महिनामा कति गर्लान्, गर्न भ्याउलान् ? यसका लागि ६ महिना नै पर्खनसक्नुपर्छ ।
सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित समारोहमा नवनियुक्त मन्त्रीहरु रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई शपथ गराएका छन् । राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उनीहरुलाई आइतबार साँझ नियुक्त गरेका थिए ।
नवनियुक्त मन्त्रीहरूमध्ये खनाललाई अर्थ, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास, अर्याललाई गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हालेकी छिन् ।
खनाल पूर्वअर्थ सचिव हुन् । घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हुन् । अर्याल अधिवक्ता हुन् । खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आएका थिए ।
घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आएका थिए । अधिवक्ता अर्यालले अख्तियार दुरुपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको अयोग्यतासम्बन्धी मुद्दामा पुनरावेदन हालेपछि चर्चा कमाएका थिए ।
शपथ समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित थिए । 'जेन्जी' समूहको आन्दोलन र उत्पन्न परिस्थितिमा राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरेका हुन् ।

## असोज १ गते शोक दिवस



मन्त्रिपरिषद्को बैठकले असोज १ गते शोक दिवस मनाउने भएको छ । जेन्जी आन्दोलनकाक्रममा सहादत प्राप्त गरेका शहीदको सम्झनामा शोक दिवस मनाउने निर्णय भएको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । असोज १ गते बुधबार सार्वजनिक बिदा दिएर सरकारले शोक दिवस मनाउने भएको हो ।
मन्त्रिपरिषद् विस्तारपछि सोमबार प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बसेको पहिलो मन्त्रिपरिषद्को बैठकले अन्य केही महत्त्वपूर्ण निर्णय गरेको छ । आन्दोलनमा सहादत प्राप्त गर्नेलाई शहीद घोषणा र राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गर्ने निर्णय सरकारले गरेको गृहमन्त्री अर्यालले जानकारी दिए ।
उनका अनुसार सरकारले आन्दोलनमा परिवारको सदस्य गुमाउनेलाई १० लाख रुपैयाँ क्षतिपूर्ति र अन्य खर्च बापत पाँच लाख रुपैयाँ रकम दिने भएको छ । घाइतेको निःशुल्क उपचार गर्ने र शव व्यवस्थापनका लागि निःशुल्क सवारी साधन र दुर्गमको हकमा हेलिकप्टरको व्यवस्था गर्ने निर्णयसमेत सरकारले गरेको छ ।
सरकारले आन्दोलनमा भएको जनधनको क्षति, ज्यादती र घुसपैठको सम्बन्धमा अनुसन्धान गर्न जाँचबुझ आयोग गठन गर्ने भएको छ। सरकारले आयोगको प्रतिवेदनको आधारमा थप काम गर्ने गृहमन्त्री अर्यालको भनाइ छ । भदौ २३ र २४ भएको आन्दोलनमा साहदत प्राप्त गर्नेको नाममा जेन्जी जागरण स्मारक पार्क स्थापना गर्ने निर्णय भएको गृहमन्त्री अर्यालले बताए ।
बैठकले घाइतेको निःशुल्क उपचार, शव सम्बन्धित स्थानमा लैजानुपरेमा निःशुल्क व्यवस्था र दाहसंस्कारमा सघाउने निर्णय गरेको छ । बैठकले आन्दोलनका क्रममा भएको जनधनको क्षति र ज्यादतीको छानबिन गर्न पूर्वन्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय गरेको गृहमन्त्री अर्यालले जानकारी दिए । सोही आयोगको प्रतिवेदनका आधारमा आवश्यक काम गरिने उनको भनाइ छ ।

## एक खर्ब स्रोत जुटाउन सकिन्छ



नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले राजनीतिक दबाबमा बजेटमा परेका, तयारी नभएका र टुक्रे आयोजना कटौती गर्ने हो भने एक खर्ब रुपैयाँ स्रोत जुटाउन सकिने बताएका छन् । मन्त्रालयमा पदभार ग्रहणपछि कर्मचारीहरुलाई निर्देशन दिँदै उनले छ महिनाभित्र निर्वाचन गर्नुपर्ने अवस्था, पुनःनिर्माणलगायतका

*बाँकी पृष्ठ २ मा*

## डेडिकेटेड र ट्रंकलाइनको रकम उठाउन निर्देशन



नवनियुक्त ऊर्जा तथा जनस्रोतमन्त्री कुलमान घिसिङले डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता उठाउन निर्देशन दिएका छन् । सोमबार मन्त्रालयमा पदभार ग्रहणपछि उनले यस्तो निर्देशन दिएका हुन् । 'नेपाल आर्थिक र राजनीतिक रुपमा सङ्कटमा छ, यतिबेला व्यवसायी, देशभित्र र बाहिर भएका नागरिकले सहयोग गर्नुपर्छ,' उनले भने, 'डेडिकेटेड र ट्रङ्कलाइनको वक्यौता उठाउन निर्देशन दिइएको छ, यो तत्काल गर्नुपर्ने काम हो ।' मन्त्री घिसिङले पुनःनिर्माणका लागि कोष स्थापना गरी सबैतर्फबाट सहयोग लिने उल्लेख गरे ।
शीतल निवासमा पद तथा गोपनीयताको सपथ ग्रहणपछि मन्त्री घिसिङ जेन्जी प्रदर्शनका क्रममा घाइते भएकासँग भेटपछि सिंहदरबारस्थित मन्त्रालयमा पदभार ग्रहण गर्न पुगेका हुन् । उनले जेन्जी प्रदर्शनका मागलाई सार्थक बनाउन आफू प्रयत्नशील हुने पनि उल्लेख गरे । पदभार ग्रहण गर्दै उनले विशेष परिस्थितिमा अन्तरिम सरकार बनेको सन्दर्भ उल्लेख गर्दै देशलाई समृद्धि र राजनीतिक स्थायित्वको चुनौतीलाई सामना गर्दै जिम्मेवारी बहन गर्ने बताए ।
ऊर्जासँगै थप दुई मन्त्रालयको जिम्मेवारी पाएका उनले मुलुकलाई सामान्य अवस्थामा अवतरण गराउने गरी काम गर्ने बताए । अब निर्माणको अभियान शुरू भएको उल्लेख गर्दै उनले विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलन र पछिल्लो जेन्जी प्रदर्शनका क्रममा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।
पुनःनिर्माणसँगै तोकिएको समयमा निर्वाचन गराउनुपर्ने सरकारको दायित्व स्मरण गर्दै द्रुतगतिमा आफूले काम गर्ने मन्त्री घिसिङको भनाइ थियो । उनले उज्यालो नेपाल अभियानलाई प्रभावकारी रुपमा अघि बढाउने समेत बताए ।

# कबाडी करका नाममा गुण्डागर्दी शैलीमा असुली








**मधेशदृष्टि**
**वीरगंज ।**
भ्रष्टाचाररहित सुशासन र अशल आचरणयुक्त देश बनाउने भनेर युवा पुस्ताले आन्दोलन गरेको बल्ल एक हप्ता भएको छ । सरकार बन्दैछ । प्रदेश सरकार अहिलेसम्म बोल्न सकेको छैन । प्रदेश सरकार छ कि छैन, प्रदेश सरकारको धुकधुकी मात्रै चलेको अनुभूत छ । नेताहरु बल्ल सडकमा आउन सक्ने भएका छन् । धेरै नेता अझै सेनाको ब्यारेकमै सुरक्षाघेरामा छन् । अब त देश सुधार हुन्छ भन्ने सबैलाई छ ।
तर कोही कोहीलाई भने लुट्ने धन्दा र नानीदेखि लागेको बानी अनि जति मीठो घाँस दिए पनि चोर बाख्रा अरुको बारीमा पसिहाल्छ भन्ने नेपाली उखानजस्तै छ बानी सुधार्न मन लागिरहेको छैन । जस्तो वीरगंज शहरका केही असुलीधन्दाका ठेकेदारहरुको शानशौकत र रवैयाले यही संकेत गरिरहेको छ । देशभर भ्रष्टाचार र गुण्डागर्दीविरुद्ध ऐतिहासिक 'जेन्जी आन्दोलन' चल्दा अछुतो नरहेको वीरगंजमा भने पुनः पुरानै बानी संस्थागत भएका छ । वीरगंज महानगरभित्र खुलेयाम गुण्डागर्दी शैलीमा असुली धन्दा फेरि शुरु भएको छ ।
वीरगंजस्थित जगन्नाथपुरमा रहेको कबाडी करको ढाटमार्फत भारतीय नम्बरका ट्रकलाई जबर्जस्ती रोकेर प्रतिट्रक ४ सय रुपैयाँका दरले रसिद काटेर पैसा असुल शुरु भएको छ । मधेशदृष्टि सोमबार साँझ त्यहाँ पुग्दा अधिकांश चालकहरुले आफू अनाहकमा लुटिएको, जबर्जस्ती पैसा असुल भइरहेको र शक्ति प्रदर्शन गरेर रकम ठगी भइरहेको बताए ।
वीरगंज महानगरले तोकेको व्यवस्थाअनुसार ढाटलाई स्थानीय जडिबुटी, जनावर तथा व्यावसायिक कारोबार हुने सामग्रीबाट कर उठाउने अधिकार दिइएको हो । तर, ठेक्का पाएको अमित ठेक्कापट्टा कम्पनीले महानगरको निर्णय र अनुमतिविपरीत गुण्डागर्दी शैलीमा भारतबाट भन्सारमार्ग हुँदै आउने वा औद्योगिक करिडोरतर्फ माल लोड गर्न आएका खाली भारतीय ट्रकसमेत रोकेर पैसा असुल गरेको छ ।
ढाटमा ८–१० जना युवा दिनरात सडकमै बसेर भारतीय ट्रक रोक्ने, जबर्जस्ती रसिद काट्ने र पैसा नदिने ट्रक चालकलाई धम्काउने तथा कुटपिट गर्ने कार्य गरिरहेका छन् । रातकै समयमा करिब ९ बजे भारतको नम्बर ९४१४ नम्बर ट्रक रोकेर ४ सय रुपैयाँ

*बाँकी पृष्ठ २ मा*

# एनसीसी कतारद्धारा सचेतना कार्यक्रम सम्पन्न



**रामएकवाल राम**
**दोहा कतार ।**
कतारको सामुदायिक प्रहरी विभागको सहकार्यमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषदद्धारा सचेताना कार्यक्रम सम्पन्न भएको छ । बिन उम्रनस्थित सिभिल डिफेन्सको सभाहलमा सम्पन्न कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसस्थाहरुकस अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थितिमा सामुदायिक प्रहरी विभागका प्रमुख डाक्टर इब्राहिम मोहम्मद राशिद अल सुमैहको पहल तथा साझेदारी शाखाका अधिकृत प्रथम लेफ्टिनेन्ट अब्दुल अजिज अलमुहनाडी लगाएतका उच्च अधिकारिहरु एवम् नेपाली राजदुतावास कतारका श्रम सहचारी प्रेम प्रसाद पोखरेलको उपस्थित रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै डा. ईब्रहीमले नेपाली समुदायद्धारा सहकार्य गरेको कार्यक्रममा पहिलो पटक सहभागी भई सामुदायिक प्रहरीका बारेमा लागुऔषध ओसारपसार नियन्त्रण लगायत कानुन सम्बधित जनचेतना समुदायलाई प्रशिक्षित गराउदा पाउदा खुसि व्यक्त गरे । नेपाली समुदायको तर्फबाट उत्साहजनक उपस्थिति रहेको प्रशंसा गर्दै कार्यक्रममा नेपाली दुतावास तथा एनसीसी कतारलाई धन्यवाद ज्ञापन गरेका थिए । विभागका अन्य उच्च अधिकारिहरुले आप्रवाससी सम्बन्धि कानूनी व्यवस्थाका बारे प्रकाश परेका थिए । नेपाली राजदूतावासका श्रम सहचारी पोखरेलले सम्बोधनका क्रममा महत्वपूर्ण सचेतना मुलक कार्यक्रम आयोजना गरि प्रशिक्षण प्रदान गर्ने अवसर प्रदान गरेकोमा सामुदायिक प्रहरीलाई हार्दीक कृतज्ञता प्रकट गर्दै यस्ता सन्देशमुलक कार्यक्रमहरु आगामी दिनमा पनि आयोजना गर्ने अपेक्षा राख्दै एनसीसी कतारलाई धन्यबाद व्यक्त गरेका थिए । कार्यक्रमलाई सहजीकरण तथा भाषा अनुवाद गर्दै जनसम्पर्क अधिकृत डाक्टर बहाउदीन हुदावीले कतारको भेषभूसा, रहनसहन, संस्कृतिबारे जानकारीसहित प्रशिक्षण प्रदान गरेका थिए । नेपाली समुदायको तर्फबाट गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष पदम गिरीको संयोजकत्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । अध्यक्ष गिरीले भर्खरै नेपालमा भएको घटनाका बारे जानकारी दिँदै आगामी कार्यक्रम अझै बृहत सहभागी हुने आशय व्यक्त गरेका थिए । विभाग प्रमुख लगायत अन्य उच्च अधिकारीलाई धन्यवाद व्यक्त गर्दै कतारमा रहेका नेपाली तथा आम श्रमिकवर्ग विशेष गरि नेपाली समुदायबिच यस्ता प्रभावकारी सचेतनाका विभिन्न कार्यक्रमहरुमा निरन्तर सहकार्य गर्ने, गृहमन्त्रालयद्धारा सम्प्रेषण गरिने सुचना तथा निर्देशनहरु आम श्रमिक माझ पुर्याउन एनसिसि कतारको कोशिस रहने बताएका छन् ।


## गैर बैकिंग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सम्बन्धी
## पुन: ७ (सात) दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर मिति २०८२/०४/२९ गते मधेशदृष्टिको गोप्य शिलबन्दी बोलपत्र मार्फत १५ दिने तथा दोस्रो पटक मिति २०८२/०५/१८ गते मधेशदृष्टिको गोप्य शिलबन्दी बोलपत्र मार्फत ७ दिन लिलाम सूचना प्रकाशित गर्दा समेत ( मिति २०८२/०५/१८ गते सूचना बमोजिम गैर बैकिंग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सूचना बमोजिम कफ्र्यू निषेधाज्ञाले अवस्था सहज नहुदाँ मिति २०८२/०५/२५ शिलबन्दी नखुलेकोले) लिलाम हुन नसकेकोले यो गैर बैकिंग अचल सम्पत्तिहरु पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) मिती २०८२/०६/०७ गते मंगलवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्दा समेत गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनु हुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| मजडिहा पिप्रा ०८,पर्सा | ३०९ | ०-०-१०-० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असोज ०६ गते सोमवार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असोज ०७ गते मंगलबार दिउँसो ४:०० बजे (८ औ दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन)**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी (जीतपुर), बरहथवा, बर्दिबास ।


# महान्यायधिवक्ता भण्डारीले लिइन् शपथ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
महान्यायधिवक्ता सविता भण्डारी बरालले पद तथा गोपनीयताको शपथ लिएकी छन् ।
प्रधानन्याधीश प्रकाशमानसिंह राउतले सोमबार आयोजित एक कार्यक्रमबीच बराललाई शपथ ग्रहण गराएका हुन् । शपथग्रहण कार्यक्रममा न्यायधीश सपना प्रधान मल्ल लगायतको उपस्थिति रहेको थियो ।
प्रधानमन्त्री सुशीला कार्कीले भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त गर्न आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेकी थिइन् । प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले बराललाई नियुक्त गरेका थिए ।

# कबाडी करका नाममा......

असुल गरिएको थियो । अशुलीको रसिद नम्बर ११८७९, प्यान नम्बर ६१३२९४९५७ थियो ।
दैनिक करिब ४ सयदेखि ५ सय ट्रकबाट यसरी गुण्डागर्दी शैलीमा पैसा असुल्ने गरिएको अनुमान छ । स्थानीय स्रोतले यस कार्यमा पर्साको प्रहरी र प्रशासन, वीरगंज महानगरका प्रतिनिधि र स्थानीय केहीलाईसमेत रकम बाँडचुँड हुने भएकाले निर्भिकरूपमा खुलेयाम असुली भइरहेको दाबी गरेका छन् । देश भ्रष्टाचारविरुद्ध आन्दोलित भइरहेका बेला वीरगंजमै यस्ता अवैध क्रियाकलाप खुलेआम हुनु दुर्भाग्यपूर्ण र चिन्ताजनक बनेको छ । सडकमा खाली हिँडेका सवारी साधनलाई समेत रकम असुलेर अमिट ठेक्कापट्टा कम्पनीले बदमासी गरिरहँदा वीरगंज महानगर किन कारबाहीको प्रक्रिया अघि बढाउँदैन भनेर स्थानीयले प्रश्न पनि गरेका छन् ।

**सम्पर्कमै आउँदैनन् अली**

अमित ठेक्का पट्टाका प्रमुख अली भनिने हुन् । उनी केहीदिन अघिसम्म ह्वाट्स एपमा पनि आफूलाई पहुँचवाला राजनीतिक नेताको आशीर्वाद पाएको देखाउन प्रोफाइलमा नेपाली कांग्रेसका महामन्त्री गगन थापासँग खिचेको तस्बिर राख्थे । उनको कम्पनीबारे केही जानकारी लिन फोन गर्नेहरुलाई कर्मचारीहरु सिधै अली सरसँग सम्पर्क गर्न भनेर उनको नम्बर दिन्थे । तर अली न फोन उठाउँथे, न ह्वाट्स एप कल उठाउँथे । अहिले आन्दोलन भएर दलका नेताहरुको अवस्था कमजोर भएपछि अलीले ह्वाट्स एपमा पत्नीसहितको तस्बिर राखेका छन् ता कि उनको तस्बिरसमेत मिडियाले सजिलै क्याप्चर नगरोस् भन्ने चतुरता उनी देखाइरहेका छन् । तर भारतबाट वीरगंज र हेटौँडा आउने भारतीय नागरिकले उनको ठेक्कापट्टाका कारण चरम दुःख पाइरहेको बरोबर हामीले सूचना सम्प्रेषण गरिरहेका छौँ । वीरगंज महानगरले पनि यसबारे चासो लिन जरुरी छ । अन्यथा भारतीय नागरिकहरु महानगरमै आउने चेतावनी दिन्छन् ।

**हेटौँडामा पनि यही कम्पनीको ठेक्का**

हेटौँडा उपमहानगरमा पनि अमित ठेक्कापट्टाले नै ठेक्का पाएको छ । हेटौँडा बजार र बाइपास सडकको करमा यहाँ पनि उस्तै गुण्डागर्दी भएको भनेर भारतीय मिडियामा समेत समाचार आउने गरेका छन् । भारतबाट आउन पर्यटकहरुले हेटौँडा प्रवेश क्रममा अनावश्यक तनाव भोग्नु पर्ने, असुरक्षा महसुस हुने, ठूलो रकमको नोट दिए फिर्ता नहुने भन्दै यो गुण्डागर्दी रोक्न बागमती प्रदेशका मुख्यमन्त्रीलाई भारतबाट ज्ञापन पत्र दिन आउनेसमेत तयारी भएको भारतीय सञ्चारकर्मीहरुले बताएका थिए । विषम परिस्थिति भएकाले उनीहरु आएका छैनन् ।

# महोत्तरीमा प्रहरी चौकीहरू पुनः सञ्चालन

**मधेशदृष्टि**
**महोत्तरी ।**
जेन्जी आन्दोलनका क्रममा सुरक्षामा चुनौती थपिएपछि खाली गरिएका महोत्तरीका विभिन्न प्रहरी चौकीमा प्रहरी फिर्ता हुन थालेका छन् । जिल्लामा लगाइएको निषेधाज्ञा र कफ्र्यु हटेसँगै जनजीवन सामान्य बन्दै गएपछि प्रहरीहरू कार्यक्षेत्रमा फर्किन थालेका हुन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार आन्दोलन उत्कर्षमा पुगेका बेला आधा दर्जन प्रहरी चौकी खाली गरेर सुरक्षाकर्मी जिल्ला कार्यालयमा आएका थिए । तर, अब अवस्था सहज बनेपछि उनीहरू पुनः चौकीमा फर्किएका छन् । सोनमा गाउँपालिकाको मगरथाना प्रहरी चौकी र औरही नगरपालिका–१ स्थित औरही प्रहरी चौकीमा प्रहरीहरू फर्किएपछि स्थानीयवासीले फूलमालाले स्वागत गरेका छन् ।
स्वागत कार्यक्रममै गाउँपालिकाका अध्यक्ष विश्वेश्वरप्रसाद यादवले अपराध नियन्त्रण र शान्ति–सुव्यवस्थाका लागि प्रहरी अपरिहार्य रहेको भन्दै प्रहरी पुनः चौकीमा फर्किएकोमा खुशी व्यक्त गरे ।
मगरथाना प्रहरी चौकी प्रमुख दीपेन्द्रकुमार यादवले चौकी वरिपरि पर्खाल नहुँदा सुरक्षामा जोखिम बढेको भन्दै गाउँपालिकालाई पर्खाल निर्माणका लागि आग्रह गरे । अध्यक्ष यादवले यसै आर्थिक वर्षभित्र चौकीको पर्खाल निर्माण सम्पन्न गर्ने गरी रकम विनियोजन भइसकेको जानकारी गराए । त्यसैगरी, इलाका प्रहरी चौकी खैरबनीका इन्चार्ज रवीन्द्र मिश्रले सुरक्षा कायम गर्नु केवल प्रहरीको जिम्मेवारी नभई नागरिकको सहकार्य पनि आवश्यक हुने उल्लेख गर्दै स्थानीयलाई सहयोगका लागि आह्वान गरे । औरही प्रहरी चौकीमा फर्किएका प्रहरीलाई पनि स्थानीयवासीले फूलमाला लगाएर स्वागत गरेका थिए । आन्दोलनका कारण प्रभावित सुरक्षातन्त्र क्रमशः सामान्यतर्फ फर्किरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल डिभाइडरमा ठोक्किँदा युवकको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको सुरुङ्गा नगरपालिकामा मोटरसाइकल डिभाइडरमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने अर्को जना घाइते भएका छन् । आइतबार साँझ सुरुङ्गा नगरपालिका–५ स्थित जिनिस अस्पताल नजिकै पूर्व–पश्चिम राजमार्गमा भएको दुर्घटनामा परमानपुर निवासी ३० वर्षीय अनिलकुमार चौधरीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । मधेश प्रदेश–०१–००५–प ५५११ नम्बरको मोटरसाइकल कुशहादेखि कदमाहा तर्फ आउँदै गर्दा सडकमा राखिएको डिभाइडरमा ठोक्किएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका चालक चौधरीलाई नजिकैको जिनिस अस्पताल लगिएको थियो । तर, चिकित्सकले मृत घोषणा गरेका थिए । उक्त मोटरसाइकलमा पछाडि सवार सुरुङ्गा नगरपालिका–७ चकदह टोलका १८ वर्षीय राधेश्याम चौधरी घाइते भएका छन् । उनको सोही अस्पतालमा उपचार भइरहेको र अवस्था मध्यम रहेको प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए । दुर्घटनापछि मोटरसाइकललाई नियन्त्रणमा लिएर मृतकको शव पोस्टमार्टमका लागि सिराहाको प्रादेशिक अस्पताल लहान पठाइएको प्रहरीले जनाएको छ ।

# २७ जनाको शव आफन्तले बुझे

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जेन्जी प्रदर्शनको क्रममा मृत्यु भएका २७ जनाको शव आफन्तले बुझेका छन् । त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टमपछि २७ शव आफन्तले बुझेर लगेको उपत्यका प्रहरी कार्यालयका एसएसपी शेखर खनालले बताए । भदौ २४ मा आन्दोलनकारीको आक्रमणमा परेर मृत्यु भएका ३ जना प्रहरीको शव पनि आफन्तले बुझेका छन् । शिक्षण अस्पतालमा अब १९ वटा शवको पोस्टमार्टम गर्न बाँकी छ । ५ शवको पोस्टमार्टम भए पनि आफन्तले बुझेका छैनन् । आगजनीमा परेर तथा नयाँ बानेश्वरमा प्रहरीसँग झडप हुँदा मृत्यु भएका ८ वटा शवको पहिचान खुलेको छैन । मृतकहरूको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने गृह मन्त्रालयले निर्णय गरेको छ । कस्तो प्रकारको सम्मान दिने भन्नेबारे मन्त्रिपरिषद्बाट निर्णय गरिने गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । मन्त्री अर्यालका अनुसार प्रदर्शनमा प्रहरीको गोली लागेर मृत्यु भएका १२ जनाको पहिचान खुलेको छ ।

# एक खर्ब स्रोत जुटाउन ...

कामका लागि बजेटमा परेका आयोजना फिल्टर तथा कार्यक्रम कटौती गरी स्रोत जुटाइने बताए ।
उनले आजै बजेटमा भएका कार्यक्रम कटौतीका लागि बजेट महाशाखा प्रमुखको संयोजकत्वमा तीन सदस्यीय कार्यदल समेत गठन गरेका छन् । कार्यदलले बजेटका आयोजना फिल्टर गरी प्राथमिकिकरण गर्नेछ ।
उनले जेन्जी प्रदर्शनका कारण सिंहदरबारमा ठूलो क्षति पुगेको उल्लेख गर्दै चाँडो भग्नावशेष हटाइ भित्तामा रंगरोगन गरिने बताए । 'कालो लागेको भित्ता रंगरोगन गरौँ । हामी विनासबाट उठ्यौँ है भनेर अर्थ मन्त्रालयबाटै सन्देश दिन जरुरी छ, धेरै सार्वजनिक सम्पत्तिको बिमा भएको छैन,' उनले भने, 'निजी सवारीमा भएको क्षतिको दायित्व बिमाबाट पूर्ती हुनेछ, यो कामचलाउ सरकार हो, नयाँ सवारी साधन खरिद नगरौँ, कवाडी भएको बिक्री गरौँ, पुनःनिर्माण तत्कालै शुरू गरी हामी केही महिनाभित्रै उठ्यौ भन्ने सन्देश दिन जरुरी छ ।'
युवाले आफ्नो ज्यानको आहूति दिएर मुलुकको प्रमुख समस्यालाई निमिट्यान्न पारेको उल्लेख गर्दै उनले भने, 'यो जिम्मेवारी युवा आफैँले पनि लिन सक्थे, तर उहाँहरुले हामीलाई विश्वासका साथ जिम्मेवारी दिनुभएको छ, गल्ती गर्ने कुनै पनि गुञ्जायस नराखी काम गर्नेछौँ ।'
उनले विगतमा के गरेका थियौँ भन्ने बिर्सिन पनि कर्मचारीलाई आग्रह गरे । 'विगतमा गल्ती गरेको भए सजाय हुन्छ, स्रोतको दुरुपयोग नगर्नुहोला, सार्वजनिक सम्पत्ति व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्न म निर्देशन दिन्छु,' उनले भने ।
उनले निजी क्षेत्रमाथि आक्रमण भएको स्मरण गर्दै निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडि बढ्न आवश्यक भएको बताए । 'हाम्रो सम्पर्क निजी क्षेत्रसँग छ, निजी क्षेत्रबाट पनि सुझाव लिनुपर्छ, राजस्व प्राप्तिका लागि निजी क्षेत्रलाई खुसी बनाउनुपर्ने आवश्यकता छ, राजस्व असुलीमा धेरै क्रुर र दबाब दिने अवस्था बनाउन हुँदैन । सेवामा सुधार गर्दै जाने हो भने राजस्व आफैँ बढ्छ,' उनले भने । अर्थमन्त्री खनालले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझाव र सिफारिस कार्यान्वयन गरिने पनि बताए । आफूले सार्वजनिक खर्च व्यवस्थापनका लागि प्राथमिकता राख्ने बताए । नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले केन्द्रीय बैंकले सक्दो सहयोग गर्ने बताए ।

# गौर नगरपालिकामा सेवा सुचारु

## ६७ लाख बराबरको क्षति



**मधेशदृष्टि**
**रौतहट ।**
जेन्जी आन्दोलनका कारण भदौ २४ गतेदेखि अवरुद्ध बनेको गौर नगरपालिकाको सेवा सोमबारदेखि नियमित रूपमा सञ्चालनमा आएको छ ।

नगरप्रमुख शम्भु साहले नगरपालिकाका सबै वडा कार्यालयसहित प्रमुख कार्यालयमा स्थगित सेवाहरू पुनः शुरु गर्न निर्देशन दिएका हुन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाषकुमार ठाकुरका अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय रौतहटको आग्रहपछि सेवाप्रवाह पुनः सुचारु गरिएको हो । सोमबारदेखि आवश्यक कागजी प्रक्रिया र सार्वजनिक सेवाहरू नागरिकलाई उपलब्ध गराउन कर्मचारीहरू परिचालन गरिएका छन् । तर, आन्दोलनले गौर नगरपालिकामा ठूलो भौतिक तथा वित्तीय क्षति पुऱ्याएको छ ।

नगरप्रमुख साहका अनुसार आन्दोलनकारीहरूले कार्यालयमा तोडफोड र आगजनी गर्दा करिब ६७ लाख रुपैयाँ बराबरको क्षति भएको छ । उनीहरूले फर्निचर, एलइडी टिभी, स्मार्ट टिभी, साउण्ड सिस्टम, सिसीटिभी जस्ता उपकरण जलाउनुका साथै पिकअप भ्यान र वारुण यन्त्रमा समेत क्षति पुऱ्याएका थिए । यस्तै, कार्यालयको झ्यालका सिसा फुटाइएको थियो भने नगरपालिकाद्वारा निर्माण गरिएको प्रहरी बिट, गौर घण्टाघरमा राखिएको बीपी कोइरालाको शालिकसमेत तोडफोड गरी जलाइएको थियो । नगरप्रमुख साहले आन्दोलनकारीले आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखा परीक्षणका लागि राखिएका धेरैजसो कागजात पनि जलाइदिएको बताए । महालेखा परीक्षकको कार्यालयबाट खटिएको टोलीले गौर नगरपालिकामा लेखापरीक्षण शुरु गरेको भए पनि आन्दोलनका कारण काम सम्पन्न हुन नसकेको अधिकारीहरूले जनाएका छन् । आन्दोलनपछि सुरक्षाको व्यवस्था कडाइ गरिएको गौर नगरपालिकाले जनाएको छ ।

# विश्वकर्मा पूजामा उत्साह घट्यो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
असोज १ गते मनाइने विश्वकर्मा पूजामा यस वर्ष उत्साह घटेको छ । विशेषगरी कलकारखाना, गाडी र उपकरणको पूजाका लागि तयारी गर्ने पर्वमा आन्दोलनको प्रभाव देखिएको छ । व्यापारी र मजदुर दुवै प्रभावित भएका छन् । मुख्य सिजनको बेला नै आन्दोलन शुरु भएपछि अर्डर घटेको मूर्तिकारले बताए । बजारमा अहिले चहलपहल बढे पनि व्यापारीहरूले पूर्ण रूपमा उत्साहका साथ पूजा गर्ने अवस्था नपाएको बताएका छन् ।


| Effective from 01 Asoj 2082 (17th September 2025) | | | |
|---|---|---|---|
| **INTEREST RATES** | | | |
| **Deposit** | | | |
| **Saving Deposit** | **Minimum Balance** | **% Per Annum** | |
| Corporate Saving Account | 100 | 4.00 | |
| CorporateNari Bachat Khata | 1,000 | 4.20 | |
| CorporateSenior Saving | 1,000 | 4.20 | |
| Corporate Student Saving | 100 | 4.20 | |
| Corporate Bal Bachat | 1,000 | 4.20 | |
| Corporate Higher Saving | 5,000 | 4.50 | |
| CorporateFast Track | 10,000 | 4.85 | |
| Corporate Patron | 15,000 | 5.00 | |
| Super Corporate Saving | 25,000 | 5.30 | |
| Corporate Golden Saving | 50,000 | 5.50 | |
| Social Security Account | - | 4.00 | |
| Call Account | - | Up to 2.00 | |
| **Recurring Account** | | | |
| 3 Year Corporate Recurring | 1,000 | 6.00 | |
| 5 Year Corporate Recurring | 1,000 | 6.25 | |
| Above 5 Years Recurring | 100,000 | 6.50 | |
| Corporate Fixed Return | 100,000 | 6.50 | |
| Corporate Fifty Fixed | 100,000 | 6.00 | |
| **Fixed Deposit** | | Individual Minimum 3 Months | Institutional Minimum 6 Months |
| 3 months | - | 5.70% | - |
| 6 months | - | 6.00% | 5.00% |
| 1 Year | - | 6.25% | 5.25% |
| Above1 Year to 2 Years | - | 6.50% | 5.50% |
| Above 2 years | - | 7.25% | 6.25% |
| Special Fixed Deposit for 10 Months | 10,00,000 | 6.75% | 5.75% |
| **Loan and Advance** | | | |
| | **Premium over Base Rate (% p.a.)** | | |
| Business Loan | 1.5% to 3.5% | | |
| Industrial Loan | 1.5% to 3.5% | | |
| Home Loan | 1.5% to 3.5% | | |
| Vehicle Loan/Auto Loan | 2% to 4% | | |
| Education Loan | 1.5% to 3.5% | | |
| Personal Overdraft | 2% to 4% | | |
| Term Loan | 2% to 4% | | |
| Agriculture Loan | Up to 2% | | |
| Prime Loan | 0.75% to 2.75% | | |
| **Deprived Sector** | | | |
| 1. Deprived Sector Loan (Institutional) | Up to 2% | | |
| 2. Deprived Sector Loan (Personal) | Up to 3% | | |
| 3. DSL Auto Loan/Low Cost Housing/others | Up to 3% | | |
| Other Loan | Up to 5% | | |
| Loan Against Fixed Deposit | Coupon rate + 2% or Base Rate (Whichever is higher) | | |
| **Fixed Interest Rate on Term loan up to 15 Years:** | Base Rate +4.5% | | |
| Average Base Rate (Shrawanend 2082) | 9.14% | | |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजत पत्र प्रप्त संस्था)

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa
Tel. No. : 051-531031
Branches: Buspark ( Bypass), Birgunj /Dryport Shrisiya, Birgunj / Tedaroad ,chorni, (Jeetpur), Barahathawa ( Sarlahi), Bardibas ( Mahottari)


# फरार दुई कैदी पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनको क्रममा नखु कारागार र कारागार कार्यालय जलेश्वरबाट फरार भएका दुई जना कैदीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी नायब उपरीक्षक बिरेन्द्र कुमार पासवानको नेतृत्वमा खटिएको टोलीले ती फरार कैदीलाई अन्य जिल्ला हुँदै सिरहा प्रवेश गर्ने क्रममा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले विज्ञप्तिमार्फत जनाएको छ । पक्राउ पर्नेमा सिरहा नगरपालिका–४ रघुनाथपुरका ५१ वर्षीय रामसेवक यादव, बैंकिङ कसुर मुद्दाका कैदि र भारतको मधुबनी जिल्ला झँझरपुरका २८ वर्षीय गोपाल साह व्यावसायिक उद्योगसम्बन्धी मुद्दाका कैदि रहेका छन् ।

# क्षतिको पारदर्शी मुचुल्का तयार पार्न अनुरोध




**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले जेन्जी आन्दोलनका क्रममा सरकारी कार्यालयमा भएको तोडफोड र क्षतिको पारदर्शी ढङ्गले मुचुल्का तयार पार्न निर्देशन दिएको छ । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले कार्यालय प्रमुखसँगको छलफलमा आन्दोलनको क्रममा भएको क्षतिको श्रव्यदृश्यसहितको मुचुल्का र कागजात तयार पार्न कार्यालय प्रमुखहरुलाई निर्देशन दिए ।
'जेन्जी आन्दोलनको क्रममा यहाँका विभिन्न सरकारी कार्यालयका भवन तथा सवारीसाधनमा अपुरणीय क्षति भएका छन्', उनले भने, 'कार्यालयमा भएका क्षतिको मुचुल्का वा विवरण तयार पर्दा पारदर्शिता र यथार्थपरक बनाउन निर्देश गर्दछु ।' प्रजिअ सुवेदीले सरकारी कार्यालयले सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरेर आफ्नो कार्यसम्पादन गर्न आह्वान गरे । 'तपाईँहरु कुनै पनि खालको आर्थिक अनियमिततामा संलग्न नभइकन वस्तुपरक भई कार्यसम्पादन गर्नुहुन अनुरोध गर्दछु । सेवाग्राहीलाई कुनै खालका दुःख दिने र सास्ती दिने काम गर्नुहुन्न । कानुनी प्रक्रिया पुगेको कामलाई यो वा त्यो बाहनामा दुःख दिने काम नगर्नुहोला', प्रजिअ सुवेदीले भने । उनले सरकारी कार्यालयले आफ्नो कार्यालय र सवारीसाधनको सुरक्षामा विशेष सतर्कता अपनाउन अनुरोध गरे । रासस

# फिर्ता हुन थाल्यो लुटिएका चामल र चिनी

**सिरहा ।**
सिरहाको लहान नगरपालिका–१ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटपाट गरिएको खाद्यान्न प्रशासनको कडा उर्दीपछि फिर्ता हुन थालेको छ । जेन्जी आन्दोलनका क्रममा गत मङ्गलबार दिउँसो कम्पनीको गोदामबाट चामल, चिनी लुटपाट भएको थियो । इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायका अनुसार लुटपाटको घटनाले राष्ट्रियस्तरमै लहानको बेइज्जत गराएको भन्दै कार्यालयले कडा निर्देशन जारी गरेपछि फिर्ता हुन थालेको हो । उनले भने, 'हामीले उर्दी जारी गरेका थियौँ फिर्ता गर्नका लागि ।

फिर्ता नगर्नेलाई सिसिटिभी फुटेज र सामाजिक सञ्जालमा उपलब्ध फोटो भिडियोका आधारमा पहिचान गरी कानुनी कारबाही गरिनेछ भनेर ।' उनका अनुसार स्थानीय युवाहरूको सक्रियतामा चामल र चिनी क्रमशः फिर्ता हुन थालेको हो । केही व्यक्तिहरूले स्वयं आएर र केहीले स्थानीय युवाको माध्यमबाट आइतबार चामल र चिनी फिर्ता गरेका हुन् ।
खाद्य कम्पनी लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोका अनुसार आइतबार बेलुका ९ बजेसम्म ७१ क्वीन्टल चामल र करिब १८ क्वीन्टल चिनी फिर्ता भएको छ । 'फिर्ता गर्नेको प्रतिष्ठालाई ध्यानमा राखेर नाम भने गोप्य राखिएको छ', महतोले भने । विवरणअनुसार चार वटा गोदाममा भण्डारण गरिएको आठ हजार १४८ क्वीन्टल चामल, तीन हजार २२० क्वीन्टल चिनी, ५३ क्वीन्टल २१ किलो धान र ९८ हजार ८१५ थान जुटका बोरा लुटिएका थिए । उनका अनुसार यसको अनुमानित मूल्य १० करोड ९१ लाख २२ हजार ८२७ बराबर रहेको छ । खाद्यान्नलाई सुरक्षित राख्न प्रयोग गरिने विशेष प्रकारका 'फ्युमिगेसन सिट' लुटिएको छ । महतोका अनुसार ती सिटहरू अत्यन्तै भारी हुने र उठाउन कम्तीमा १० जनाको आवश्यकता पर्दछ । यस्तो सिट खाद्य कम्पनीसँग मात्रै रहेको जनाइएको छ । लुटपाटको क्रममा कार्यालय परिसरमा राखिएको कार र मोटरसाइकलमा आगजनी गरिएको छ । खाद्यकर्मीको 'क्वार्टर' बाट ल्यापटप, खाना पकाउने दुई थान ग्यास सिलिण्डर तथा मोबाइलसमेत लुटिएको छ । यसअघि विसं २०६३ को मधेश आन्दोलनसहित अन्य विभिन्न आन्दोलनका क्रममा गरी हालसम्म तीन पटक लहानको खाद्य कम्पनीमा लुटपाट भइसकेको छ । यसले गर्दा आगामी दिनमा सामान्य आन्दोलनको बेलामा पुनःलुटपाटको जोखिम उच्च रहेको स्थानीय बताउँछन् । रासस

# धनुषाका सरकारी कार्यालयहरूद्वारा सेवा सञ्चालन

**जनकपुरधाम ।**
धनुषामा रहेका सरकारी कार्यालयहरूले सेवा प्रवाह शुरु गरेका छन् । सेवाग्राहीहरू पनि कार्यालयहरूमा आउन थालेका छन् । साथै यहाँका बैङ्क तथा वित्तीय संस्थाहरू पनि सञ्चालनमा आएका छन् । जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी कार्यालयहरूलाई नियमित सेवा प्रवाह गर्न लिखित सूचना जारी गरेपछि कार्यालयहरू सरसफाइ गरी खुल्न थालेका हुन् । यहाँका कतिपय कार्यालयहरू पूर्ण रूपमा जलेर नष्ट भएकाले सञ्चालनमा आउन सकेका छैनन् ।

त्यहाँको कम्प्युटर, इन्टरनेट, ल्यापटप, दराज, कागजपत्र, महत्त्वपूर्ण फाइल, रेकर्डहरू तथा सिसा, कुर्सी, टेबल, झ्यालढोका तथा कोठाहरू नष्ट भएका छन् । जनकपुरधाम उपमहानगरपालिका पूर्णरूपमा जलेर क्षतिग्रस्त भएको तथा त्यहाँ सेवा प्रवाह गर्ने वातावरण नभएको नगरप्रमुख मजोज साहले बताए । आगो लागेका धेरै कार्यालयहरूको उक्त समस्या भएको उनले जानकारी दिए । साथै आ–आफ्नो कार्यालयको क्षति विवरण सङ्कलन तथा प्रमाणित गरी अभिलेख कायम गर्न अनुरोधसमेत गरेको सूचनामा उल्लेख गरिएको छ । सो सूचनाका आधारमा क्षतिको विवरण तथा प्रहरीबाट मुचुल्का उठाउने कार्य भइरहेको छ । जिल्ला प्रशासन कार्यालयको सबै सेवा सोमबारदेखि शुरु भए पनि राहदानी तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा हाल सञ्चालन नहुने सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालद्वारा हस्ताक्षरित सूचनामा उल्लेख गरिएको छ । सार्वजनिकस्थल तथा सार्वजनिक कार्यालयहरूमा कुनै अप्रिय घटना वा उच्छृङ्खल गतिविधि हुन नदिनका लागि सुरक्षा व्यवस्था कडा पारिएको छ ।

नेपाली सेनासहित नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको टोली बजारका विभिन्न स्थानमा सुरक्षार्थ खटिएका छन् । जेन्जीको आन्दोलनमा करिब दुई दर्जनभन्दा वढी सरकारी तथा सार्वजनिक तथा राजनीतिक दलका नेता तथा पार्टीको कार्यालयहरूमा आगजनी तथा तोडफोर भएको छ । रासस

# सर्लाहीका आधा दर्जन पालिकामा सेवा ठप्प

**मधेशदृष्टि**
**सर्लाही ।**
जेन्जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडले सर्लाहीका लालबन्दी, हरिवन, बागमती, बरहथवा, हरिपुर, हरिपूर्वा, ईश्वरपुर नगरपालिकासहित चन्द्रनगर गाउँपालिकाको सेवा अनिश्चित बनेको छ । व्यापक क्षतिका कारण तत्कालै नियमित सेवा प्रवाह गर्न कठिनाइ भएको स्थानीय तहहरूले जनाएका छन् । लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेका अनुसार आगजनीले कार्यालयका कागजातदेखि कम्प्युटरसहितका सम्पूर्ण विद्युतीय उपकरण, फर्निचर र सरसामग्री खरानी बनाएको छ । नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले चढ्ने गाडीहरू प्राडो, टाटासुमो र स्कारपियोसहित जेसिबी, डोजर, ट्रक र ट्याक्टर समेत जलेर ध्वस्त भएका छन् । साथै वडा नं. ५, ६, ७ र ९ का वडा कार्यालयमा समेत आगजनी र तोडफोड गरेर क्षति पुऱ्याइएको छ । यस्तै, हरिवन नगरपालिकामा निर्माणाधीन भवनसहित दमकल, ट्याक्टर र अन्य उपकरण जलाइएको छ । नगरप्रमुख रमेश बुढाथोकी (कमल) का अनुसार वडा नं. ४, ८, १० र ११ का वडा कार्यालयसमेत खण्डहर बनेका छन् । 'कार्यालय सञ्चालन गर्न अझै केही दिन लाग्छ,' उनले भने । बरहथवा नगरपालिकामा सबैभन्दा ठूलो क्षति भएको बताइएको छ । प्रमुख प्रशासकीय अधिकृत ऋद्धिप्रकाश सिटौलाका अनुसार प्रशासनिक भवन, वडा नं. ५, ६ र ७ का कार्यालय, ग्रेडर, ट्याक्टर, ब्याक हु लोडर, टिप्परसहित निजी गाडी, १३ थान मोटरसाइकल, तीन थान स्कुटर र एक थान रोलर जलेर नष्ट भएका छन् । त्यसैगरी, हरिपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी, तीन मोटरसाइकल र सम्पूर्ण कागजात जलेका छन् । नगरप्रमुख गोपाल पजियारले सेवा तत्काल सञ्चालन गर्न नसकिने बताए । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले जेन्जी पुस्ताको नाममा अराजक समूहले गाउँपालिका कार्यालयलाई ध्वस्त बनाएको भन्दै असन्तुष्टि व्यक्त गरे । सेवा अवरुद्ध भएपछि व्यक्तिगत घटना दर्तादेखि अन्य महत्वपूर्ण कामका लागि पालिका धाउने सेवाग्राही मारमा परेका छन् । वडा कार्यालय जलेर खरानी बनेपछि अत्यावश्यक कागजी प्रक्रिया समेत अड्किएको स्थानीयले गुनासो गरेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी सरोज राईका अनुसार क्षतिको विवरण सङ्कलन भइरहेको छ ।
'विस्तृत विवरण आइसकेपछि मात्र ठ्याक्कै क्षति कति भयो भन्ने खुल्नेछ,' उनले भने । यद्यपि, जिल्लाका अन्य सरकारी कार्यालय र केही पालिकाले भने आइतबारदेखि सेवा सुचारु गरेका छन् । आन्दोलनपछि कर्मचारी अझै कतिपय कार्यालयमा फर्किन सकेका छैनन् । अवस्था सामान्यतर्फ फर्किँदै गए पनि आगजनी र तोडफोडको घाउ भने तत्काल निको हुने देखिएको छैन । हाल सर्लाहीमा यातायात, विद्यालय र हाटबजार भने सामान्य रूपमा सञ्चालनमा आइसकेका छन् ।

# जितिया पर्वको व्रत समापन

**जनकपुरधाम ।**
महिलाहरुले आफ्ना सन्तानको दीर्घायु, सुस्वास्थ्य र समृद्धिको कामनासहित मनाउने जितिया पर्वअन्तर्गतको निराहार व्रत सोमबार समापन भएको छ । यो पर्वमा महिलाहरुले तीन दिन विधिपूर्वक अनुष्ठान सम्पन्न गर्छन् । यस वर्षको जितिया पर्वअन्तर्गत शनिबार राति 'ओगटन' (दर) खाएर महिलाहरुले व्रत शुरु गरेका थिए । त्यसपछि आइतबार पानीसमेत नखाई निराहार व्रत बसेका महिलाहरुले सोमबार बिहान नुहाइधुवाइ गरी व्रत समापन गरेकी छन् । व्रतको दोस्रो दिन महिलाहरुले जितमाहा अर्थात् धर्मवीर पुत्र जितुवाहनको कथावाचन तथा पूजा–अर्चना गरी सन्तानको दीर्घायुको कामना गरिन् । पर्वको अन्तिम दिन विधिपूर्वक फलाहार वा अन्नग्रहण गरी व्रत समापन गरिन्छ । विशेषगरी मिथिला क्षेत्र, तराई मधेशका जिल्ला, काठमाडौँलगायत शहरमा रहेका मैथिल समुदायले यो पर्व भव्य रूपमा मनाउँछन् । जितिया कठोर व्रतमध्ये एक हो । महिलाहरु सन्तानप्रति मातृभाव र समर्पण प्रदर्शन गर्दै एक दिन–एक रात निराहार उपवास गर्छन् । धार्मिक विश्वासअनुसार यस व्रतले सन्तानको आयु लम्ब्याउने, स्वास्थ्य राम्रो बनाउने र सङ्कटबाट जोगाउने विश्वास गरिन्छ । रासस

## सम्पादकीय

# नयाँ सरकार, पुरानै लय

*प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद् विस्तार गरेकी छिन् । उनको मन्त्रिपरिषद्मा तीन जना पहिलोपटक मन्त्री भएका छन् । यो जनताको सरकार भनिएको छ । निर्दलीय अनुहार ल्याइएको छ । यी अनुहारहरु सुशासनका लागि देशमा क्रियाशील भनेर चिनिएका अनुहार हुन् । जनताको पिरमर्काको स्केल माथि पुग्यो, दलहरुले बुझेनन् भनेर जानेमानेका अनुहार हुन् । नेपाल सरकारकै कोपभाजनमा परेर केही महिना पनि जागिरमा नराखी निकालिएका अनुहार हुन् ऊर्जामन्त्री कुमलमान घिसिङ । झट्ट हेर्दा सरकारको लय निकै राम्रो अनुहारले भरिएकाले गजबै हुन्छ भन्ने देखाउन खोजिएको छ । तर असन्तुष्टिको आगो निभेको छैन । आगो निभाउन भन्दा दन्काउन रहर गर्नेहरुको दृश्य बरोबर पटाक्षेप भइरहेको छ । पत्रकार सम्मेलनदेखि प्रधानमन्त्री निवाससम्ममा पछिल्लो ७२ घण्टामा देखिएको यो दृश्यले अरु डरलाग्दो खतरा संकेत गरिरहेको छ । यसमा किन पनि यस्तो देखिएको छ भने दलका शीर्षनेतृत्व अहिले पनि युवापुस्तालाई पार्टीलाई ढिम्कन दिने मनस्थितिमा छैनन् । उनीहरु हरुवाचरुवा, दास र नोकर प्रथाबाट बाँचून् र हाम्रो देवत्वकरण गरिरहून भन्नेमा दृढसंकल्पित छन् । यति मात्र होइन, विद्रोह चेत मरेको पुस्ता उत्पादनमा होड चलिरहेको छ । कुन पार्टीले कित यस्ता उत्पादन गर्ने भन्ने कारखाना चलिरहेको छ । यस्तो कठिन घडीमा आएको सरकारको लय उस्तै हुनेछ । मन्त्री फेरिएका हुन्, कर्मचारी फेरिएका होइनन् । कर्मचारी नफेरिएपछि दलहरु फेर्रिंदैनन् । दलहरु नफेरिएपछि जनता पनि पुरानै लयमा आउँछन् । अन्ततः यो सरकारलाई सफल नबनाउनुमै अरु फाइदा देख्छन् र फेरि पनि पुरानै लयमा सरकार हिंड्नुपर्ने या छाड्नु पर्नेमा पुग्छ र देश अरु सफलतातिर पो जान्छ कि ? साँच्चै जनताको मन जितेर काम गरे भने बधाई सरकार भनौँला ।*

# चुरेको संकटः राष्ट्रिय गौरवदेखि अस्तित्वको दौडसम्म



**सन्देश यादव**

**परिचयः**

नेपालको भौगोलिक संरचनामा चुरे पर्वत श्रृंखला एक अपूर्व घटक हो । तराई र महाभारत पर्वत श्रृंखलाको बीचमा अवस्थित यो क्षेत्र भौगोलिक र भूवैज्ञानिक रूपमा अत्यन्त विशिष्ट छ । हिमालय पर्वतमालाको कान्छो हिस्सा मानिने चुरे नरम चट्टानहरू, बलौटे ढुङ्गा, हिलो ढुङ्गा र ग्रेभलजस्ता असंगठित पदार्थबाट बनेको छ, जसकारण यो भूक्षय, पहिरो र वातावरणीय क्षयको लागि अत्यन्तै संवेदनशील छ। यसले तराईका लागि 'पानीको धरहरा'को भूमिका निर्वाह गर्दछ, किनभने यसले नदी प्रणाली र भूमिगत जल भण्डारलाई निरन्तर रिचार्ज गरी लाखौँ मानिसको जीवन धानिरहेको छ । यसका साथै, यो जैविक विविधताको एक महत्त्वपूर्ण भण्डार हो, जहाँ बेङ्गाल टाइगर, एसियाली हात्ती र घडियाल गोही जस्ता लोपोन्मुख प्रजातिहरूका लागि महत्त्वपूर्ण वासस्थान उपलब्ध छ।

तर आज यही चुरे अस्तित्वको संकटमा परेको छ । अनियन्त्रित मानवीय हस्तक्षेप, सरकारी उदासीनता र प्रकृतिको दोहनले गर्दा चुरेको संरक्षण आज राष्ट्रिय गौरवको विषय मात्र होइन, अस्तित्व रह्यो कि रहेने भन्ने प्रश्न बन्न पुगेको छ । चुरेलाई 'तराई–मधेशको लाइफलाइन' भनिन्छ, तर त्यसको अनियन्त्रित दोहन र विनाशका कारण तराईको जलस्रोतमा नै गम्भीर संकट आइरहेको छ । यो एक विरोधाभासपूर्ण अवस्था हो, जहाँ जीवन दिने स्रोत नै विनाशको कारण बनिरहेको छ । यसले चुरेको संरक्षण केवल पर्यावरणीय मुद्दा नभई तराईको समग्र अर्थतन्त्र, खाद्य सुरक्षा, र लाखौँ मानिसको अस्तित्वसँग जोडिएको राष्ट्रिय सुरक्षाको मुद्दा हो भन्ने गहिरो सन्देश दिन्छ।

**चुरेको भूगर्भिक र पारिस्थितिक अवस्थाः**

चुरे पर्वत श्रृंखला नेपालको 'ग्रिन बेल्ट' को रूपमा रहेको छ, जुन इलामदेखि कञ्चनपुरसम्म फैलिएर करिब ३६ जिल्लाको भूभाग ओगटेको छ र नेपालको कुल भूभागको करिब १३ प्रतिशत (१२,८९१ वर्ग किलोमिटर) ओगट्छ । चुरे क्षेत्रलाई जैविक विविधताको खजाना मानिन्छ । यस क्षेत्रमा ३९ प्रतिशत भू–भाग साल वनले ढाकेको छ । यहाँ ४१ प्रजातिका स्तनधारी, ३ सय ७९ प्रजातिका चराचुरुङ्गी, ४५ प्रजातिका सरिसृप र धेरै दुर्लभ वनस्पति पाइन्छ । चुरे क्षेत्रमा १ हजार ५ सय भन्दा बढी प्रजातिका वनस्पतिहरू र पाटेबाघ, गैँडा, डल्फिन जस्ता दुर्लभ वन्यजन्तुहरू बसोबास गर्छन् । चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्रहरू पनि रहेका छन्।

चुरेले भूमिगत पानीको पुनर्भरण, माटोको स्थायित्व, दाउरा, घाँस, औषधिजन्य वनस्पतिलगायत ४० भन्दा बढी प्रकारका पारिस्थितिक सेवाहरू प्रदान गर्दछ । त्यसकारण वातावरणविद्हरूको भनाइ अनुसार, 'चुरे नष्ट भएमा मधेश सोझै मरुभूमि बन्न पुग्छ ।' यसको महत्वलाई हेर्दा, चुरे संरक्षणको अन्तर्राष्ट्रिय महत्व पनि रहेको छ।

**चुरे विनाशका मुख्य कारणहरूः**

चुरे क्षेत्रमा भइरहेको निरन्तर विनाश प्राकृतिक र मानवीय दुवै कारणहरूको जटिल संयोजनको परिणाम हो । भूवैज्ञानिक रूपमा कमजोर र नरम चट्टानले बनेको हुनाले यो क्षेत्र आफैँमा भूक्षयका लागि संवेदनशील छ, तर पछिल्ला केही दशकमा मानवीय हस्तक्षेपले यो संवेदनशीलतालाई चरम विन्दुमा पु¥याएको छ । ढुंगा, गिट्टी, बालुवाको अव्यवस्थित उत्खननले नाजुक संरचना विनाश गर्दै गएको छ भने स्थानीय सरकारलाई प्रमुख आयस्रोत भए पनि वातावरणीय प्रभाव मूल्यांकन नगरी ठेक्का दिइँदा समस्या झन् गहिरिँदै गएको छ । यससँगै काठदाउरा र गिट्टी–बालुवाको चोरी–निकासी बढ्दा पहिले घना देखिने वन पातलो बन्दै गएको छ, तर सरकारले संरक्षणका लागि बजेट उपलब्ध गराउँदा पनि त्यसको सदुपयोग हुन नसकेर फिर्ता हुने गरेको छ । सिन्धुलीमा मात्र गत आर्थिक वर्ष २०८१–८२ मा ९ करोड रुपैयाँ भन्दा बढी बजेट खर्च गर्न नसकी फिर्ता गरिएको उदाहरण छ, जसको कारण जनशक्ति अभाव, कानुनी झन्झट र फिल्डमा विवादलाई देखाइएको छ।

प्राकृतिक कारणतर्फ, खडेरी लामो हुने, वर्षा असामान्य रूपमा तीव्र हुने र तापक्रम बढ्ने जस्ता जलवायु परिवर्तनका असरले चुरे क्षेत्रको जमिनलाई अझ असुरक्षित बनाइरहेको छ । यही प्रभावका कारण हाल २०८२ सालमा परेको भीषण खडेरीले जलस्रोतहरू सुक्दै गएपछि किसानलाई धान रोप्नै कठिन भएको छ । यस्तै अवैध वन फँडानी, अनियन्त्रित चरिचरण र जथाभावी सडक निर्माणले घना जंगललाई झाडी र खेतीयोग्य जमिनमा परिणत गर्दै भूउपयोगमा ठूलो परिवर्तन ल्याएको छ । विशेषगरी पहाडबाट तराई र भित्री मधेशमा हुने तीव्र बसाइँसराइले स्रोतमाथि थप दबाब सिर्जना गरेको छ, जसले बस्ती विस्तार र कृषि अतिक्रमणलाई बढावा दिएको छ । उत्खननले जल भण्डारण गर्ने भू–सतह संरचना नष्ट गर्ने मात्र होइन, भूमिगत जल पुनःभरणको प्रक्रिया अवरुद्ध हुँदा मनसुनमा बाढी र हिउँदमा पानीको संकट बढेको छ। परिणामस्वरूप, तराई–मधेश क्षेत्रमा जल संकट तीव्र बन्दै गएको छ । विगतमा २०–२५ फिटको गहिराइमा पाइने पानी अहिले १ सय ५० फिटभन्दा तल झरेको छ र प्रत्येक वर्ष जलस्तर २–३ फिटले घट्दै गएको छ । जस्तैः महोत्तरीको बर्दिबास, धनुषाको जनकपुरधामलगायतका धेरै क्षेत्रमा चापाकल सुकेर खानेपानीको गम्भीर समस्या देखिएको छ।

**संरक्षणका प्रयासहरू र भविष्यका रणनीतिहरूः**

चुरे संरक्षणका लागि राजनीतिक, सामाजिक, वैज्ञानिक र सामुदायिक सबै पक्षको सन्तुलित प्रयास आवश्यक छ । सबैभन्दा पहिला, कागजमा मात्र सीमित भएका कानून र नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । अवैध उत्खनन् र वन फँडानीमा संलग्न राजनीतिक व्यक्तिहरू र ठेकेदारहरूलाई कानूनको दायरामा ल्याई जवाफदेही बनाउन सकिए मात्र वास्तविक परिणाम आउँछ।

यससँगै, सामुदायिक सहभागितालाई प्राथमिकता दिनुपर्छ। नेपालकै सामुदायिक वन प्रणाली चुरे क्षेत्रमा पनि लागू छ, जहाँ हजारौँ उपभोक्ता समूहले स्थानीय वन संरक्षणमा सक्रिय भूमिका खेलेका छन् । धेरै ठाउँमा स्थानीयवासीले वृक्षारोपण, ताल संरक्षण, घेराबार र इन्धन बचत गर्ने प्रविधि अपनाएका छन्, साथै केही जिल्लामा ताल र खोला पुनर्जीवनका सफल उदाहरणहरू देखिएका छन् । पश्चिम नेपालमा त स्थानीय समूहहरूले लाखौँ बिरुवा रोपेर उजाड जमिनलाई हरियो वनमा रूपान्तरण गरेका छन् । तर यस्ता प्रयासलाई दिगो बनाउन राज्यले थप सहयोग र प्रोत्साहन दिनु अत्यावश्यक छ।

त्यसैगरी, चुरे व्यवस्थापन वैज्ञानिक आधारमा गर्नुपर्ने भएकाले यसलाई भौगोलिक संवेदनशीलताका आधारमा उच्च संवेदनशील र संवेदनशील क्षेत्रमा वर्गीकरण गरी सोहीअनुसार रणनीति लागू गर्नुपर्छ । जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, वृक्षारोपण, खहरे नियन्त्रण तथा भूमिगत जल पुनःभरणजस्ता दीर्घकालीन उपायहरूलाई प्राथमिकता दिनुपर्छ । साथै, सरकारका तीनै तह—संघ, प्रदेश र स्थानीय—सँगै नागरिक समाज, गैर–सरकारी संस्था, सञ्चारकर्मी र आम जनताको संयुक्त सहभागिता अपरिहार्य छ । यसरी मात्र चुरेको विनाश रोकथाम गर्दै दिगो संरक्षण सम्भव हुन्छ।

**निष्कर्षः**

२०८२ को विपत्ति एउटा स्पष्ट चेतावनी थियो, जुन दशकौँदेखि चलिरहेको चुरे पहाडको व्यवस्थित विनाशको सीधा परिणाम थियो । यो विपत्ति केबल प्राकृतिक कारणहरूले आएको थिएन, बरु चुरेप्रतिको हाम्रो सामूहिक व्यवहारका कारण प्रवर्धित भएको थियो। यो यस्तो समय हो जब नेपाललाई एउटा प्रतिक्रियात्मक, आयोजना–आधारित दृष्टिकोणबाट एउटा समग्र, एकीकृत र समुदाय–केन्द्रित रणनीतितर्फ जानुपर्छ । जसरी संस्कृतको एउटा प्राचीन भनाइले भन्छ, 'प्रकृति रक्षितः रक्षिता'– यदि हामीले प्रकृतिको रक्षा गर्छौं भने, प्रकृतिले हाम्रो रक्षा गर्दछ । चुरेलाई बचाउनु नेपालको राष्ट्रिय सुरक्षा र तराईका लाखौं मानिसको भविष्यलाई बचाउनु हो । यो अब केवल एउटा वातावरणीय मुद्दा होइन, बरु एउटा अस्तित्वसम्बन्धी सङ्कट हो जसका लागि तत्काल र निर्णायक कारबाहीको आवश्यकता छ।

# अर्थमन्त्री खनालले कार्यान्वयन गर्ने भनेको प्रतिवेदनमा के छ ?

**हेमन्त जोशी**

नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले आज कार्यभार सम्हाल्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गरिने बताउनुभएको छ।

अर्थतन्त्र सुधारका लागि खनालकै संयोजकत्वमा गठन गरिएको आयोगले २०८१ चैत २९ गते विभिन्न सुझाव र सिफारिससहित सरकारलाई प्रतिवेदन बुझाएको थियो । अन्तरिम सरकारले के–कति सुधारका काम गर्न सक्ला ? भन्ने शङ्काको सुविधा छ । यद्यपि, खनालले भ्रष्टाचार निवारण तथा सुशासन, बजेटमा परेका योजनाको प्राथमिकीकरण तथा खर्च कटौती, पुनर्निर्माण, निजी क्षेत्रको मनोबल विकासमा काम केन्द्रित हुने बताउनुभएको छ । अघिल्लो सरकारले ल्याएको बजेटबाटै सुधार थाल्ने उल्लेख गर्दै अर्थमन्त्री खनालले मुलुकको समग्र अर्थतन्त्र सुधार र सार्वजनिक वित्त व्यवस्थापनका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले गरेका सिफारिस कार्यान्वयन गरिने बताउनुभयो । उक्त प्रतिवेदनमा के–कस्ता सुधारका उपायहरु औँल्याइएका थिए भनेर राससले प्रमुख बुँदाहरु यहाँ उल्लेख गरेको छ।

गत चैत २९ गते आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा शिथिल अवस्थामा रहेको मुलुकको अर्थतन्त्र चलायमान बनाउन हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सिफारिस गरेको थियो । आन्तरिक बजार मागमा ह्रास र लगानीमा वृद्धि हुन नसक्नुलाई अर्थतन्त्रको मुख्य चुनौतीका रुपमा आयोगले उजागर गरेको थियो । 'उपभोगको वृद्धिदर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्रका रुपमा देखिएको छ । कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारीमा लाखौँ मानिसको बचत फस्नु, सरकारले गर्नुपर्ने भुक्तानी समयमा नहुनु, उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र सङ्कटग्रस्त बन्दै गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ,' तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाउँदै खनालले भन्नुभएको थियो । समस्या देखिएका यी क्षेत्रमा सरकारले तत्काल नीतिगत हस्तक्षेप गरी अर्थतन्त्रलाई सही दिशा दिनुपर्ने आयोगको सुझाव थियो।

आयोगको प्रतिवेदनले आयातमा निर्भरता, उत्पादकत्वमा स्थायी अवरोध, निजी क्षेत्रको सशक्त भूमिकाको अभाव, वित्तीय क्षेत्रमा कमजोर अनुशासन, सार्वजनिक खर्चको कार्यक्षमता अभाव, र श्रम बजारको प्रभावहीन संरचनालाई प्रमुख समस्या मानेको छ । यस्ता संरचनात्मक समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत स्पष्टता, संस्थागत जिम्मेवारी तथा पारदर्शिता र समन्वयात्मक ढंगले कार्यान्वयन प्रणालीको विकास अपरिहार्य रहेको उल्लेख छ।

तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, आर्थिक अवसरहरू सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, सीमारहित अर्थतन्त्र निर्माण गर्ने, र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउने विषयलाई केन्द्रमा राखेर सुधार थालिनुपर्ने आयोगका सुझाव थिए।

त्यसैगरी आर्थिक सुशासन, निजी क्षेत्र अभिवृद्धि, वित्तीय क्षेत्र सुदृढीकरण, सार्वजनिक सेवा तथा पूँजीगत खर्च सुधार, श्रम बजार सुधार, सामाजिक क्षेत्रको प्रभावकारितालगायतका सुझाव उक्त प्रतिवेदनमा समेटिएका थिए।

अर्थतन्त्र सुधारको सुरुआत सुशासनबाट हुनुपर्ने ठहर गर्दै आयोगले पारदर्शी नीति निर्माण, परिणाममुखी योजना तथा कार्यक्रम निर्माण, लागत–लाभ विश्लेषणमा आधारित सरकारी बजेट निर्माण र अनावश्यक नियमकीय हस्तक्षेप अन्त्यका लागि पनि सिफारिस गरेको छ । अर्थमन्त्रीको कार्यभार सम्हालेलगत्तै खनालले चालु आर्थिक वर्षको बजेटमा परेका टुक्रेयोजना, राजनीतिक प्रभावमा बजेटमा परेका योजना र पूर्वतयारी नभएका योजना कटौती गर्ने भन्दै त्यस्ता आयोजना पहिचान गर्न निर्देशन दिइसक्नुभएको छ।

निजी क्षेत्रलाई विकासको मुख्य इन्जिन मान्दै आयोगले 'निजी क्षेत्र अनुकूल वातावरण' निर्माणमा जोड दिएको थियो । नवनियुक्त अर्थमन्त्री खनालले पनि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु प्रमुख प्राथमिकता रहेको दोहो¥याउनुभएको छ । लगानीमैत्री नीति, श्रम ऐनमा लचकता, श्रम–पुँजी–प्रविधि समन्वयको प्रवर्द्धन तथा सार्वजनिक–निजी साझेदारी (पिपिपी) मा स्पष्ट नीति निर्माण आवश्यक रहेको आयोगको ठहर थियो । साना तथा मझौला उद्योगलाई औपचारिकीकरण गर्दै वित्तीय पहुँच, बजार सुनिश्चितता तथा प्रविधि हस्तान्तरण सुनिश्चित गरिनुपर्ने आवश्यकता आयोगले औँल्याएको थियो।

आयोगको प्रतिवेदनमा सार्वजनिक क्षेत्रको सुधारका लागि पुँजीगत खर्चमा पारदर्शिता, योजनाको प्राथमिकताक्रमको पुनरावलोकन तथा कार्यान्वयन क्षमतामा आधारित बजेट निर्माणमा जोड दिइएको छ । पछिल्ला वर्षहरूमा पुँजीगत खर्चको न्यून कार्यान्वयन तथा खर्चको अन्तिम त्रैमासिकमा बढी खर्च हुने प्रवृत्तिले सार्वजनिक स्रोतको दुरुपयोग बढाएको आयोगको बुझाइ छ । योजनाको लागत र समयसीमालाई प्रमुख मानक बनाएर ठेक्का प्रणाली सुधार गर्ने र 'डिजिटल ट्र्याकिङ' प्रणाली अवलम्बन गर्नेलगायतका सिफारिस आएका थिए।

श्रम बजार सुधारका लागि प्रविधियुक्त रोजगार सिर्जना, वैदेशिक रोजगारमा निर्भरता घटाउने, महिला तथा युवाको सहभागिता बढाउने र सीप विकासमा सरकार–निजी क्षेत्र सहकार्यको प्रणाली विकास गर्नुपर्ने आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । सीप विकास संस्थानहरूलाई पुनःसंरचना गर्दै बजारको मागअनुसार तालिम संरचना बनाउने र प्रविधिमा आधारित सीप परीक्षण तथा प्रमाणीकरण प्रणाली लागू गर्ने उपायहरू प्रतिवेदनमा समावेश छन्।

शिक्षा प्रणालीलाई रोजगारी तथा उत्पादनसँग जोड्ने, स्वास्थ्य सेवामा गुणस्तरको मानक लागू गर्ने, सामाजिक सुरक्षालाई पुनःसंरचना गर्ने प्रस्ताव गरिएको छ । सामूहिक बिमा प्रणाली, बहुआयामिक गरिबी मापन प्रणालीको विकास र डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई समावेशी बनाउन आयोगले विशेष जोड दिएको छ । यस्ता उपायले दिगो मानव विकासको आधार तयार गर्ने अपेक्षा गरिएको छ।

सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि आयोगले महत्त्वपूर्ण सुझाव दिएको छ । सङ्घीय संरचनाअनुसार वित्तीय समानता, सेवा प्रवाहमा स्पष्ट जिम्मेवारी बाँडफाँट तथा प्रदेश–स्थानीय तहको राजस्व संकलन क्षमताको विकासजस्ता विषयहरुलाई आयोगले महत्वका साथ उठाएको छ। त्यसैगरी राजस्व बाँडफाँटसम्बन्धी विद्यमान सुत्र (फर्मुला) को पुनरावलोकन, अन्तरसरकारी समन्वय निकाय सुदृढीकरण तथा स्थानीय तहमा योजना कार्यान्वयन क्षमताको मूल्याङ्कन प्रणालीको विकास गरिनुपर्ने आयोगका सुझाव छन्।

वित्तीय क्षेत्र सुधारतर्फ आयोगले सहकारीलाई नियमनको दायरामा ल्याउने, कर्जाको गुणस्तर सुधार गर्ने, तथा वित्तीय साक्षरतामा व्यापक कार्यक्रम ल्याउने सिफारिस गरेको थियो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उत्पादनमुखी कर्जालाई प्राथमिकता दिनुपर्ने तथा व्याजदर अस्थिरता नियन्त्रण गर्न स्पष्ट रूपरेखा बनाउनुपर्ने आयोगको सुझाव थियो।

वित्तीय पहुँचको क्षेत्रीय असमानता हटाउँदै ग्रामीण क्षेत्रसम्म औपचारिक वित्तीय सेवा पु¥याउने दीर्घकालीन दृष्टिकोण आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई कर्जा पुनर्तालिकीकरण र कर्जा पुनःसंरचनाको अतिरिक्त व्यवसाय सञ्चालन गर्नसक्ने अवस्था यकिन गरी लक्षित रूपमा थप कर्जा प्रवाह गर्न आयोगले सिफारिस गरेको थियो । व्यापारिक उधारो असुली ऐन जारी गर्ने र व्यावसायिक आर्थिक कारोबारमा विक्रेताले क्रेताको साख मूल्याङ्कन (क्रेडिट स्कोर) हेर्नुपर्ने व्यवस्था लागू गर्ने व्यवस्था मिलाउन सरकारलाई आयोगको सिफारिस थियो।

समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति बिक्री गरेर वा ऋण असुली गरेर निक्षेप फिर्ता गर्न समय लाग्ने भएकाले सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी तत्काल रु पाँच अर्बदेखि रु १० अर्ब निकासा दिएर पाँच लाख रुपैयाँ भन्दा साना बचतकर्ताको निक्षेप फिर्ताको व्यवस्था मिलाइनुपर्ने सुझाव आयोगबाट आएको थियो।

आयोगले जनकपुर चुरोट कारखानासहित पाँच सार्वजनिक संस्थान खारेज गर्न पनि सरकारलाई सिफारिस गरेको थियो । जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इञ्जिनियरिङ कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रालिलाई खारेजीको सिफारिस आएको थियो।

हेटौँडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (डिडिए) गरेर गाभ्ने र सरकारको केही हिस्सामात्र राखेर बाँकी निजी क्षेत्रलाई शेयर बिक्री गर्नुपर्ने, नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढङ्गले व्यवस्थापन गरिनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ।

दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रुपमा परिणत गर्न सिफारिस गरिएको थियो । सार्वजनिक संस्थानमा राजनीतिक हस्तक्षेप नगरी व्यावसायिक ढङ्गले सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा संशोधन, सरकारको एकल स्वामित्वमा रहेका पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था, सबै सार्वजनिक संस्थानको समयमा लेखा परीक्षणलगायतका सुझाव आयोगमार्फत आएका थिए।

कार्यसम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यावसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने व्यवस्था मिलाउन पनि सरकारलाई सिफारिस गरिएको थियो । त्यस्तै, सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई शेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था मिलाइनुपर्ने उल्लेख छ । सार्वजनिक संस्थानहरूमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गरिनुपर्ने पनि आयोगका सुझाव थिए।

राजस्व न्यायाधीकरणको संरचना सुधार गरी स्तर बढाउनुपर्ने र कर अनुसन्धानका लागि अन्य निकायहरू पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गरी अन्य निकायहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने सुझावसमेत आयोगले दिएको थियो।

आयोग प्रतिवेदन कार्यान्वयनका लागि निवर्तमान सरकारले गत जेठमा 'आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२' समेत जारी गरेको थियो । अर्थतन्त्र सुधारका लागि छ महिनादेखि तीन वर्षसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमासहित कार्ययोजना तयार पारिएको छ । कार्ययोजनाअनुसार बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि गर्न र वित्तीय स्थायित्व कायम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर एक वर्षभित्र कम गरिसक्ने लक्ष्य राखिएको छ।

बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्ने, कर्जा र निक्षेपको ब्याजदर कम गर्दै जानेलगायतका कामहरु एक वर्षभित्र गरिसक्ने गरी समयसीमा निर्धारण गरिएको छ । आगामी एक वर्षभित्र अर्थतन्त्रमा ब्याजदरको उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको विकास एक वर्षभित्र सक्ने भनिएको छ । मुद्रास्फीति नियन्त्रणका लागि सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरुमा कमि ल्याउने काम एक वर्षभित्र गरिसक्ने कार्ययोजनामा उल्लेख छ । भारतीय रुपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने काम आगामी एक वर्षभित्र गरिसक्ने सरकारको योजना थियो।

आगामी दुई वर्षभित्र विभिन्न १४ वटा ऐन खारेज गरिसक्ने कार्ययोजनामा उल्लेख छ । खारेज हुने ऐनमा आयकर टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९, बिर्ता उन्मूलन ऐन २०१६ लगायतका ऐनहरु खारेज गर्न समितिले सिफारिस गरेको छ । त्यस्तै, बिर्तावालले बिर्तामा रकम लगाई लिन खान नपाउने ऐन २०१५, राजस्व चुहावट ऐन २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, नेपाल एजेन्सी ऐन २०१४, प्रादेशिक विकास योजनाहरु ऐन २०१३, सामाजिक व्यवहार सुधार ऐन २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ लाई आगामी दुई वर्षभित्र खारेज गरिसक्ने गरी कार्ययोजना बनाइएको छ । रासस

# गृह मन्त्रालयको काम पुरानो परराष्ट्र भवनबाट




**काठमाडौँ ।**
हालको लागि गृह मन्त्रालयलाई पुरानो परराष्ट्र मन्त्रालयको भवनमा सार्ने काम भइरहेको छ । भदौ २४ गते भएको जेन्जी प्रदर्शनकारीहरुले सिंहदरबारमा आगजनी गर्ने क्रममा गृहमन्त्रालय पनि जलेर ध्वस्त भएको थियो । त्यहाँबाट काम गर्न सकिने जस्तो अवस्था नभएपछि बन्द रहेको पुरानो परराष्ट्र मन्त्रालयबाट गृह मन्त्रालयको काम कारबाही अगाडि बढाउन लागिएको हो ।
हाल पुरानो परराष्ट्र मन्त्रालय सरसफाई गरि सामान सार्ने काम भईरहेको छ । नयाँ अन्तरिम सरकारमा गृहमन्त्रालयको जिम्मेवारी ओमप्रकाश अर्यालले पाएको छ ।

**चितवन अदालतबाट सेवा शुरू**

चितवन जिल्ला अदालतले आजदेखि सीमित सेवा सञ्चालन गरेको छ । जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको अदालतले सामान्य सेवाहरू शुरू गर्न लागेको हो। कार्यालयका सूचना अधिकारी अमृत विश्वकर्माका अनुसार आजदेखि बन्दीप्रत्यक्षीकरण निवेदनमा कार्वाही गरिने, म्याद थप, जरुरी पक्राउ पुर्जीसहितका सेवा सञ्चालन गर्न लागिएको हो । उनले भने, 'एउटा कोठाबाट दिन सकिने सामान्य सेवाहरू आजदेखि शुरू गरिएको छ ।' अदालतले यही भदौ २४ गतेदेखि आन्दोलनका कारण सेवा दिन सकेको थिएन।
अन्य नियमित सेवा, मुद्दा सुनुवाइलगायत काम कार्वाही अर्को सूचना जारी गरेर जानकारी दिइने उनले बताए । प्रदर्शनकारीले आगजनी गर्दा अदालत भवन पूर्ण रूपमा क्षति भएको छ । अदालतको भौतिक संरचनासहित महत्त्वपूर्ण मिसिल, सर्भरलगायतमा क्षति पुगेको छ। उनले भने, 'संरचना बन्दै जाँदा सेवा विस्तार र थप गर्दै लगिनेछ।'

**तीन सय ३४ कैदीबन्दी फर्किए**

यसैगरी जिल्ला कारागार भरतपुरबाट भागेका कैदीबन्दीहरू फर्किने क्रम जारी रहेको छ। हालसम्म ३ सय ३४ कैदीबन्दी फर्किएका छन्। १५ अन्य कारागारका समेत यहाँ सम्पर्कमा आएका छन्।
कारागार कार्यालयका प्रमुख रवीन्द्रप्रसाद ढुङ्गानाका अनुसार यहाँबाट गएका ७४२ जनामध्ये ५० जनाबाहेक अरू सम्पर्कमा छन् । आएकामध्ये ३० महिला हुन् भने ३०४ जना पुरुष हुन्। महिलासँग दुई जना आश्रित बालबालिका समेत आएका छन्। कारागारमा ४६ जना महिला तथा ६९२ जना पुरुष कैदीबन्दी भागेका थिए। अन्य दुई जना भने भागेका थिएनन्। उनीहरूसँग चार जना आश्रित बालबालिका रहेको उनले जानकारी दिए।
यस कार्यालयबाट भागेकामध्ये चार जना रूपन्देही कारागारमा र एक जना तनहुँ कारागारको सम्पर्कमा आएको उनले जानकारी दिए।रासस

**तनहुँ कारागारबाट भागेका १०९ कैदीबन्दी पक्राउ**

तनहुँ कारागारबाट फरार भएकामध्ये १०९ जना कैदीबन्दी पक्राउ परेका छन्। गत भदौ २४ गते राति जेन्जी आन्दोलनको बहानामा फरार भएका ३२७ जनामध्ये आजसम्म १०९ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। पक्राउ पर्नेमा ६८ पुरुष, नौ महिला र ३२ पुरुष थुनुवा रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिए । प्रहरीले जेन्जी आन्दोलनको बहानामा तनहुँ कारागारबाट फरार रहेका कैदीबन्दीलाई सम्पर्कमा आउन अनुरोध गरेको छ । देशको विकसित असमान्य परिस्थितिको फाइदा लिई हिरासत र कारागारबाट फरार रहेका थुनुवा, कैदीबन्दीलाई स्वेच्छिक रुपमा नजिकको प्रहरी कार्यालय वा कारागार कार्यालयमा सम्पर्क आउन आग्रह गरिएको थापाले बताए । अन्यथा आवश्यकताका आधारमा बल प्रयोग गरी नियन्त्रणमा लिइने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिए । साथै कारागारबाट फरार रहेका कैदीबन्दीहरू छरछिमेकमा आएको थाहा पाएमा प्रहरीलाई सूचना दिन आम जनसमुदायमा अपिल गरिएको छ।

**सामान फिर्ता गर्न अनुरोध**

'जेन्जी पुस्ता'को प्रदर्शनका क्रममा बुटवलस्थित राजस्व अनुसन्धान कार्यालयमा ठूलो क्षति पुगेको छ। आन्दोलनका क्रममा तोडफोड, आगजनी, लुटपाट र चोरी हुँदा उक्त कार्यालयमा झन्डै रु १० करोड क्षति भएको कार्यालयले जनाएको छ।
तोडफोड, लुटपाट र चोरीमा संलग्न व्यक्तिको तस्बिर तथा श्रव्यदृश्यमार्फत पहिचान गर्ने कार्य भइरहेको छ । 'कोही कसैले राजस्व अनुसन्धान कार्यालयबाट यस्ता सामाग्री लिएको वा प्राप्त गरेको भए उक्त सामग्री राजस्व अनुसन्धान कार्यालय बुटवल वा नजिकको प्रहरी कार्यालयमा बुझाउन अनुरोध छ,' प्रमुख अनुसन्धान अधिकृत सुवास श्रेष्ठद्वारा जारी सूचनामा उल्लेख छ।
कार्यालयबाट लगिएका सामान समयमा नबुझाए अनुसन्धानका क्रममा पहिचान भए कानुनबमोजिम कारबाही हुने सूचनामा जनाइएको छ । यही भदौ २४ गते 'जेन्जी पुस्ता'को प्रदर्शनका क्रममा राजस्व अनुसन्धान कार्यालय बुटवलका विभिन्न सामग्री तोडफोड, आगजनी, चोरी एवं लुटपाट भएको उहाँले जानकारी दिए।

**हराएका हतियार खोज्दै प्रहरी**

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले 'जेन्जी पुस्ता'ले गरेको आन्दोलनका क्रममा हराएका हतियार र लुट्ने व्यक्तिको पहिचान कार्यलाई तीव्रता दिएको छ।
शनिबारदेखि अभियानका रुपमा खोजी गरेको प्रहरीले केही हतियार, गोली बरामद गर्दै अपराधमा संलग्न केही व्यक्तिलाई पक्राउसमेत गरेको छ । यसबीचमा प्रहरीले ठूलो परिमाणमा गोलीसहित आठ जनालाई पक्राउ गरेको छ।
यस्तै आन्दोलनका क्रममा कारागारबाट फरार भएका ३७ कैदीबन्दीलाई पक्राउ गरी आइतबार सम्बन्धित कारागार पठाएको जनाइएको छ। प्रहरी उपरीक्षक कोमल शाहले आन्दोलनका बेला भएका लुटपाट, चोरी र तोडफोडमा संलग्नको पहिचानसहित पक्राउ कार्यलाई तीव्रता दिइएको बताउनुभयो । मातहतका प्रहरी युनिटलाई आगजनी, तोडफोड तथा लुटपाटमा संलग्नलाई खोजी गर्न निर्देशन दिइएको छ।
प्रहरीले बनेपा नगरपालिका–९ बाट ७३० राउन्ड गोलीसहित आठ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बनेपा–९ का २६ वर्षीय सिजन सुवाल, २८ वर्षीय सुवास गौतम, १८ वर्षीय एक किशोर र १५ वर्षीय एक बालक रहेका छन् । यस्तै तेमाल गाउँपालिका–२ का २१ वर्षीय तिमोथी तामाङ र पनौती नगरपालिका–१० का ३४ वर्षीय अछुत खड्का तथा बारा घर भएका २० वर्षीय महेश मुखिया र मकवानपुरको बकैया गाउँपालिका–६ का २४ वर्षीय सुशान्त लो रहेको प्रहरीले जनायो।
यसैगरी प्रहरीले शनिबार मण्डनदेउपुर नगरपालिका–७ घर भई हाल बनेपा नपा–९ लायकुस्थित डेरा गरी बस्ने ३४ वर्षीय सन्तोष श्रेष्ठलाई उनकै डेराबाट एक कटुवा पेस्तोल तथा ३६ राउन्ड गोलीसहित पक्राउ गरेको छ।
यसैगरी फरार भई काभ्रेपलाञ्चोकबाट पक्राउ गरिएका कैदीबन्दीमध्ये केन्द्रीय कारागारका १८, डिल्लीबजार कारगारका १४, नक्खु कारागारका तीन र सिन्धुली कारागारका दुई जना रहेको प्रहरी उपरीक्षक शाहले जानकारी दिनुभयो । नियन्त्रणमा लिई धुलिखेलस्थित हिरासतमा राखिएका कर्तव्य ज्यान मुद्दाका १२, जबर्जस्तीकरणीका नौ, लागूऔषधका चार, चोरीका चार, अपहरण तथा शरीर बन्धकका दुई, सवारी ज्यानका दुई, ठगीका दुई, मानव बेचबिखनका एक तथा 'ओभर स्टे' एक जनालाई सम्बन्धित कारागार कार्यालयमा पठाइएको छ।

**सामान फिर्ता गर्न अनुरोध**

शहरी विकास मन्त्रालय अन्तर्गतको भवन निर्माण विभागले जेन्जी आन्दोलनका क्रममा लुटपाट भएका सामान फिर्ता गर्न अनुरोध गरेको छ।
विभागले सूचना निकाल्दै जेन्जी आन्दोलनका क्रममा यही भदौ २४ गते बबरमहलस्थित भवन निर्माण विभागमा व्यापक लुटपाट भएकोले सामान फिर्ता गर्न अनुरोध गरेको हो।
भदौ २४ गते आन्दोलन तथा तोडफोडको क्रममा यस विभाग र परिसरमा रहेका सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, टीभी, कुर्सी लगायतका सामग्रीहरू तथा कर्मचारीका निजी सवारी साधनसमेत विभाग परिसरबाट लुटपाट÷चोरी भएको विभागले जनाएको छ।
'ती सामानको विषयमा कुनै जानकारी भएमा फोन गरेर जानकारी दिन वा नजिकको सुरक्षा निकायमा जानकारी गराउन अनुरोध छ,'सूचनामा भनिएको छ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौ

लुटपाट भएका सामाग्री भेटेमा बुझाई दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति:- २०८२/५/30

मिति २०८२/०५/२४ गतेको आगलागी र तोडफोडका क्रममा यस शहरी विकास तथा भवन निर्माण विभाग र परिसरका आयोजना/कार्यालयहरुमा रहेका सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, टि.भी. कुर्सी लगायतका सामाग्रीहरु तथा कर्मचारीहरुको निजी सवारी साधन समेत विभाग परिसरबाट लुटपाट/चोरी भएको छ। साथै उल्लेखित सामाग्रीहरुको सम्बन्धमा कुनै जानकारी भएमा देहायको सम्पर्क नम्बरमा (जानकारी दिने व्यक्तिले चाहेमा निजको परिचय गोप्य राखिने छ) वा नजिकको सुरक्षा निकायमा जानकारी गराई उल्लेखित सामाग्रीहरुको पुन: प्राप्तिको अभियानमा सहयोग गरिदिनु हुन आम नागरिक समक्ष हार्दिक अनुरोध गरिन्छ।
सम्पर्क नम्बर
मोबाइल नं. ९८४४९०३०९०

# इतिहास बोकेर फेरि उभिनेछ सिंहदरबार



**काठमाडौँ ।**
जेन्जी प्रदर्शनको क्रममा भएको आगजनीले खण्डहर बनेको छ, सिंहदरबार । तर पनि शिरमा फहराईरहेको छ चन्द्र सूर्य अङ्कित राष्ट्रिय झण्डा । झण्डासँगै आशा र विश्वास बोकेर उभिरहेको छ, सिंहदरबार ।
आगोका लप्काले खाएको सिंहदरबार नियाल्दै गरेका त्रिभुवन विश्वविद्यालयका प्राडा केशव बस्याल निकै भावुक देखिथे । तर पनि नेपाल र नेपालीको आस्थाको धरोहर फेरि उभिनेमा उनि उत्तिकै आशावादी छन । रसिलो आँखा पार्दै उनले भने, 'यो सबै दृश्य मेरा आँखाले राम्रोसँग हेर्न पनि सकेका छैनन्, स्वाभाविक रुपमा भावुक छु, तर निराशासँगै आशा र विश्वास ढलेको छैन । पक्कै फेरि पनि सिंहदरबार उभिनेछ भन्नेमा म विश्वस्त छु ।'
सिंहदरबार आगजनी र तोडफोडले कुरुप बनेको छ । भग्नावशेषमाथिको झण्डाले साँच्चिकै फेरि राष्ट्रिय एकतासहित उठ्नुपर्छ भन्ने भाव बोलिरहेझैँ लाग्छ । धुवाँधुवाँ बनेका सिंहदरबारको भित्ताहरुका कला कौशलले पुनःनिर्माण पर्खिरहेका छन् । आकर्षक शिल्पी र कला धुँवाको पोतोले लतपतिएका छन् । सिंहदरबारको तस्बिर कैद गरिरहनुभएकी कानुन व्यवसायी देवमाया घिमिरेले भने, 'सिंहदरबार जलेको दृश्यले मन जलायो । हृदय भारी भयो । भवनको तस्बिर कैद गर्दा आफैँलाई बिझेजस्तो भयो । यो सबै दृश्य शब्दमा विश्लेषण गर्न सकिँदैन ।'
अर्का कानुन व्यवसायी सुमित्रा श्रेष्ठलाई सिंहदरबार र यस्ता सार्वजनिक सम्पत्ति नजलाइदिए हुन्थ्यो भन्ने लागेको छ । सायद सिंदरबार पुग्ने जो कोहीका अनुहार मलिन देखिन्छन् । कैयौँका आँखा रसाएको हुनुपर्छ । जलेको सिंहदरबार आइतबार मध्यान्ह नियाल्दै गर्दा पंक्तिकारको मनमा पनि वेदना र खुल्दुली पोखियो । अधिकांशले मोबाइल र क्यामेराले सिंहदरबारको तस्बिर र भिडियो कैद गरिरहेका थिए । तस्बिर कैद गर्दा अधिकांशमा मौनता देखिन्थ्यो ।
आइतबार प्रशासनिक कार्य खुलेपछि सिंहदरबारमा चहलपहल थियो । बाक्लो सङ्ख्यामा कर्मचारी एवं अन्य व्यक्तिहरु सिंहदरबार अवलोकन गरिरहेका थिए । सिंहदरबार नेपालको प्रशासनिक इतिहासको पछिल्लो भौतिक प्रमाण पनि हो । प्राध्यापक बस्याललाई इतिहास जल्दा पहिचान हराउँछकी भन्ने चिन्ता छ । उनि भन्छन, 'सिंहदरबार नेपालको वैभवशाली विकासको प्रमाण थियो । पटकपटक आक्रमणमा पर्नु सम्पदा र संस्कृतिमाथिको चुनौती हो । यो देख्दा अत्यन्तै दुःख लागेको छ । यो 'रिनोभेट' गर्न नसकिने त हैन । मुलुकले धेरै ठूलो रकम खर्च गर्नु पर्दा अरु क्षेत्रमा जाने रकम खुम्चिन्छ । फेरि आशा गरौँ सिंहदरबार उठ्नेछ ।'
गोरखा भूकम्पले क्षतिग्रस्त सिंहदरबार पुनःनिर्माणपछि निकै आकर्षक देखिएको थियो । सङ्घीय संसद् सचिवालयका कर्मचारी केशव अधिकारीले पुनःनिर्माणपछिका दृश्य सम्झिँदै थपे, 'धेरै राम्रो भएको थियो । अहिले यसरी जलेर खण्डहर हुँदा दुःख लागेको छ । नेपाल आफैँले ठूलठूला पूर्वाधार बनाउन कठिन छ । बनिरहेका पूर्वाधारले नेपाल बन्दैछ भन्ने आशा जगाएको थियो । अहिले यो दृश्यले भावुक बनायो ।'
सिंहदरबार नेपालको राजनीतिक, प्रशासनिक र ऐतिहासिक जीवन्त दस्तावेज हो । राज्यका सम्पदा र प्रशासनिक सुरक्षामाथिको आगजनीले इतिहास र सम्पदामाथि प्रहार भएको छ । कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कर्मचारी नवराज रिजालले सिंहदरबारको दृश्य असाध्यै पीडादायी रहेको बताए । 'एकदम दुःखदायी अवस्थामा देखियो । अत्यन्तै भावुक र चिन्तित बनायो । देशको ऐतिहासिक धरोहर र प्राकृतिक सम्पदा हो । सरकारले यसलाई जुन अवस्थामा थियो सोही अवस्थामा बनाउदा उपयुक्त हुन्छ', उनले भने ।
पशुपति क्षेत्र विकास कोषका कर्मचारी रामकृष्ण लामिछानेले ऐतिहासिक धरोहर खण्डहरको रुपमा परिणत भएको देख्दा असाध्यै पीडाबोध भएको बताए । उनले जलेको सिंहदरबार र संसद् भवनले आफूलाई निकै दुखित तुल्याएको बताए । सिंहदरबारको सुरक्षा दिइरहेका सुरक्षा एकाइका जवान एन्जल सुवेदीको अनुहार पनि मलिन देखियो । सिंहदरबारभित्रै काम गर्ने उनले सिंहदरबार जलेर खरानी हुँदा मन थाम्नै नसकेको अनुभूति सुनाए ।
यो राणाकालीन ऐतिहासिक सम्पदा हो । यसको मुख्य भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत थिए । सिंहदरबार राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो निजी निवासको रुपमा इस्वी संवत् १९०३ मा बनाउन लगाएका थिए । एक हजार सात सय वटा कोठाहरु रहेको यो भवन त्यस बेला एसियाकै सबैभन्दा ठूलो दरबार थियो । तत्कालीन अवस्थामा २५ लाख रुपैयाँ खर्च गरेर यो निर्माण गरिएको थियो ।
विसं २००७ मा राणा शासनको अन्त्य भए पनि पछि सिंहदरबारमा नेपाल सरकारको कार्यालय राखियो । त्यतिबेला यो दरबारमा प्रधानमन्त्रीको कार्यालयदेखि लिएर सम्पूर्ण मन्त्रालयहरु थिए । विसं २०३० मा सिंहदरबारमा आगलागी भएको थियो । त्यसबाट यसको पछाडि पट्टिको धेरैजसो भाग नष्ट भएको थियो । यो भवन युरोपेली शैलीमा बनेको छ । चन्द्र शमशेर शिकार तथा कलाका सौखिन भएकाले त्यस बेला उनले यसका भित्ताहरु शिकार गरिएका जनावरहरु तथा युरोपेली शैलीका चित्रकलाहरुले सजाएका थिए । बत्ती तथा अन्य शृङ्गारका वस्तुहरु युरोपबाट मगाइएको थियो ।
आइतबारदेखि सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किएका छन् । आगजनी र तोडफोडबाट प्रभावित ती निकायका कर्मचारीहरूले नियमित काम सञ्चालन गरेका छन् । आशा गरौँ सम्पूर्ण नेपालीको इतिहासको प्रतीक बनेर फेरी पनि उभिनेछ सिंहदरबार । जसलाई हेरेर हरेक नेपालीले देशको समृद्धिको कथा भन्नेछन् ।रासस

# पुनःनिर्माणमा निःशुल्क प्राविधिक सहयोग गरिने

**काठमाडौँ।**
देशभरका इञ्जिनियरहरुको छाता संस्था नेपाल इञ्जिनियर्स एशोसिएसनले क्षतिग्रस्त भौतिक संरचनाको क्षतिको मूल्याङ्कन र पुनःनिर्माणका लागि निःशुल्क प्राविधिक सहयोग गर्ने भएको छ।
एशोसिएसनका महासचिव विनोदप्रकाश पण्डितले आइतबार एक विज्ञप्ति जारी गरी जेन्जी आन्दोलनका क्रममा देशभर भत्केका भौतिक संरचनाको मूल्याङ्कन र पुनःनिर्माण गर्न निःशुल्क प्राविधिक सहयोग गरिने जानकारी दिए।
'विसं १९९० र २०७२ मा गएको भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनालाई नेपाली प्राविधिक जनशक्तिको परिश्रम, मेहनत, विज्ञता र दक्षताबाट पुनःनिर्माण गर्न ठूलो योगदान रहेको र आगामी दिनमा यसलाई निरन्तरता दिन चाहेको छ', विज्ञप्तिमा उल्लेख छ।
एशोसिएसनले विद्यमान जटिल र कठिन परिस्थितिमा सर्वोच्च अदालत, काठमाडौँ जिल्ला अदालत र नेपाल बार एशोसिएशनको भवनको सोमवार प्रारम्भिक निरीक्षण गरी मूल्याङ्कन शुरू गरेको एशोसिएसनका अध्यक्ष सुवासचन्द्र बरालले जानकारी दिए । उक्त अभियानमा क्षतिग्रस्त भौतिक संरचनाको तत्काल अवलोकन, जोखिम मूल्याङ्कन, प्रयोग योग्यता जाँच वैकल्पिक व्यवस्थापन तथा पुनःनिर्माणको सम्भाव्यता अध्ययन एवं मूल्याङ्कन हुने अध्यक्ष बरालले बताउनुभयो । उहाँले उक्त अभियानमा जोडिन सम्पूर्ण इञ्जिनियरलाई आग्रहसमेत गर्नुभएको छ । रासस

# पूर्वीनाकाबाट आजदेखि मेची भन्सारको सेवा शुरू

**झापा ।**
जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएको पूर्वीनाकास्थित मेची भन्सार कार्यालयले सोमवारदेखि आयातनिर्यात शुरू भएको छ । आन्दोलनकारीले भन्सार कार्यालयमा गत भदौ २४ गते तोडफोड र आगजनी गरेपछि आयात निर्यातको काम ठप्प भएको थियो ।
कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले नयाँ कम्प्युटर, ल्यापटप र आवश्यक अन्य सरसामान खरिद गरेर आजदेखि सेवा शुरू गरिएको बताए । 'भौतिक संरचना र सामानहरू जलेर बाँकी केही छैनन्,' उनले भने, 'कम्प्युटर, ल्यापटप, फर्निचर नयाँ खरिद गरेका छौँ र केही दाताहरूको सहयोग प्राप्त भएको छ ।
आयात–निर्यातको काम आजदेखि शुरू गरेका छौँ ।'
मेची उद्योग वाणिज्य सङ्घको प्रतिनिधिमण्डलले भन्सार कार्यालयका प्रमुख हरिहर पौडेललाई आइतबार भेटेर भन्सार सञ्चालनका लागि आग्रह गरेको थियो । वाणिज्य सङ्घले एक विज्ञप्ति जारी गर्दै सबै उद्योगी र व्यवसायीलाई चाडपर्व नजिकिएसँगै पुरानै लयमा फर्किएर व्यवसाय शुरु गर्न समेत अपिल गरेको छ ।
यसैगरी भद्रपुर भन्सार कार्यालयले आइतबारदेखि नै सेवा सञ्चालन गरेको जनाएको छ । जेन्जी आन्दोलन हिंसात्मक बन्दा दुवै भन्सारमा लुटपाट, तोडफोड र आगजनी भएका थिए ।रासस

# पोखरामा सहुलियत छुट मूल्य पसल

**गण्डकी ।**
पोखरामा सोमवारदेखि चाडपर्व लक्षित सहुलियत पसल सञ्चालन हुने भएको छ । नजिकिँदै गरेका दशैँ, तिहार तथा छठ पर्वलाई लक्षित गरी आजदेखि कात्तिक १० गतेसम्मका सहुलियत पसल सञ्चालन गर्न लागिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख कौशल घिमिरेले जानकारी दिए । उनका अनुसार पोखराको विरौटास्थित प्रादेशिक कार्यालयमा बिहान १०:०० देखि दिउँसो ५:०० बजेसम्म सहुलियत पसल सञ्चालन हुनेछ । कार्यालयले सहुलियतस्वरूप प्रतिकिलो पाँच रुपैयाँ छुटसहित स्टिम जिरा मसिनो चामल प्रतिकिलो ८३ रुपैयाँ, अरुवा सोना मनसुली चामल प्रतिकिलो ५९ रुपैयाँ, स्टिम जिरा मसिनो चामल (एफआर) प्रतिकिलो ८५ रुपैयाँ, अरुवा सोना मनसुली चामल (एफआर) प्रतिकिलो ५९ रुपैयाँ, चिनी प्रतिकिलो ९५ रुपैयाँ र जेठो बुढो चामल प्रतिकिलो २४५ रुपैयाँ मा उपलब्ध गराउने जनाइएको छ ।
त्यस्तै प्रतिकिलो १० रुपैयाँ छुटसहित अरुवा बास्मती चामल प्रतिकिलो १२० रुपैयाँ, चिनो प्रतिकिलो २५५ रुपैयाँ, कागुनो प्रतिकिलो २५५ रुपैयाँ र जुम्ली मार्सी प्रतिकिलो २२५ रुपैयाँ मा उपलब्ध गराइने उनले जानकारी दिए ।रासस

# वेस्ट इन्डिजविरुद्ध खेल्ने क्रिकेट टोलीको घोषणा

**काठमाडौँ ।**
नेपाल क्रिकेट सङ्घ (क्यान) ले वेस्ट इन्डिजविरुद्ध हुने युनिटी कप ट्वान्टी–२० अन्तरराष्ट्रिय शृङ्खलाका लागि नेपालको टोली घोषणा गरेको छ ।
संयुक्त अरब इमिरेट्स (युएई) को शारजाह क्रिकेट रङ्गशालामा आगामी असोज दोस्रो सातामा हुने उक्त शृङ्खलाका लागि क्यानले रोहितकुमार पौडेलको कप्तानीमा १६ सदस्यीय नेपाली टोलीको नाम सार्वजनिक गरेको हो ।
त्यसैगरी नेपाली टोलीको उपकप्तान दीपेन्द्रसिंह ऐरी, विकेटकिपर आसिफ शेख, कुशल भुर्तेल, लोकेस बम, ़कुशल मल्ल, आदिल आलम, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, आरिफ सेख, सन्दीप जोरा, ललितनारायण राजवंशी, गुलशन झा र साहब आलम छन् ।
टोलीमा आदिल अन्सारी र सन्दीप जोराले भने पुनरागमन गरेको हुन् ।
आदिल सन् २०२२ पछि पहिलोपटक राष्ट्रिय टोलीमा परेका हुन । त्यस्तै सन्दीप पनि २०२४ को टी ट्वान्टी विश्वकप पछि टोलीमा समावेश भएका हुन् । नेपालले युएईमा वेस्ट इन्डिजविरुद्ध तीन खेलको ट्वान्टी–२० शृङ्खला खेल्दैछ । जसमा नेपालले आगामी असोज ११, १३ र १४ गते खेल्नेछ ।रासस

# श्रीनगर एग्रोटेकको आईपीओमा आवेदनमा म्याद थप

**काठमाडौँ ।**
श्रीनगर एग्रोटेक इण्डष्ट्रिज लिमिटेडले उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाका लागि जारी गरेको आईपीओमा आवेदन दिने म्याद थप गरेको छ । भदौ ११ देखि २५ गतेसम्म तय गरिएको अवधि देशमा उत्पन्न विषम अवस्थाका कारण प्रभावित भएपछि कम्पनीले भदौ ३० र ३१ गतेसम्म आवेदन दिने व्यवस्था गरेको हो ।
कम्पनीलाई नेपाल धितोपत्र बोर्डबाट ३२ करोड ६२ लाख ५० हजार रुपैयाँबराबरको ३२ लाख ६२ हजार ५ सय कित्ता शेयर निष्कासनको अनुमति मिलेको छ । यसमध्ये १ लाख ६३ हजार १२५ कित्ता उद्योग प्रभावित क्षेत्र रुपन्देही र पाल्पाका बासिन्दाका लागि छुट्याइएको छ, जहाँ न्यूनतम १० र अधिकतम १० हजार कित्तासम्म आवेदन दिन सकिन्छ ।
स्थानिय बासिन्दाले नबिल, एनएमबी र ग्लोबल आइएमई बैंकका तानसेन र पाल्पा शाखाबाट आवेदन दिन सक्नेछन् । नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड बिक्री प्रबन्धक रहेको यस आईपीओको दोस्रो चरणमा कम्पनीले आम सर्वसाधारणका लागि ३० लाख ९९ हजार ३७५ कित्ता सेयर जारी गर्नेछ ।

# सागर डिष्टिलरीको आईपीओ निष्कासन शुरू

**काठमाडौँ ।**
सागर डिष्टिलरी लिमिटेडले आजदेखि आम सर्वसाधारणका लागि आईपीओ निष्कासन गरेको छ । कम्पनीले १०० रुपैयाँ अंकित दरमा ११ करोड ९० लाख ६४ हजार रुपैयाँ बराबरको ११ लाख ९० हजार ६४० कित्ता शेयर निष्कासन गरेको हो ।
यसमध्ये ७२ हजार ६०० कित्ता सामूहिक लगानी कोषका लागि र ४३ हजार ५६० कित्ता कर्मचारीका लागि छुट्याइएको छ । लगानीकर्ताले न्यूनतम १० कित्ता र अधिकतम १० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् ।
यसअघि भदौ २५ गतेदेखि आईपीओ निष्कासन गर्ने योजना भए पनि देशको विषम परिस्थिति भएकाले स्थगित गरिएको थियो । आवेदन आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरू र मेरो शेयरमार्फत दिन सकिनेछ ।
आईपीओ छिटोमा भदौ २४ र ढिलोमा असोज ३ गते बन्द हुनेछ । यस आईपीओका लागि मुक्तिनाथ क्यापिटल लिमिटेड बिक्री प्रबन्धक रहेको छ । कम्पनीले यसअघि वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि पहिलो चरणको आईपीओ जारी गरिसकेको छ ।

# दुई पत्रिकाको कार्यालय ध्वस्त ३१ सञ्चारकर्मीको मृत्यु

**काठमाडौँ ।**
यमनको राजधानी सानाको ताह्रिर स्क्वायरस्थित दुई पत्रिकाको कार्यालयमा इजरायली हवाई आक्रमण हुँदा ३१ सञ्चारकर्मीको मृत्यु भएको छ । बुधबार बेलुकी भएको उक्त आक्रमणपछि स्थानीय समुदायमा शोक र आक्रोश फैलिएको छ ।



हौती समूहले एक वक्तव्य जारी गर्दै २६ सेप्टेम्बर र अल–यमन पत्रिकाको कार्यालयमाथि इजरायली विमानले बम आक्रमण गरेको र भवनहरू पूर्णरूपमा ध्वस्त भएको जनाएको छ । समूहले यस आक्रमणले आफ्नो सञ्चार गतिविधि कमजोर नहुने पनि स्पष्ट पारेको छ ।
आइतबार बिहान स्थानीय सञ्चारकर्मीहरूले ध्वस्त कार्यालय स्थलमा पुगेर मृतक सहकर्मीहरूलाई श्रद्धाञ्जली अर्पण गरेका थिए ।
२६ सेप्टेम्बरमा पत्रिकाका पत्रकार इस्साम अल–मोश्कीले भने, 'इजरायली विमानहरूले चारवटा बम प्रहार गरे, जसले हाम्रो भवन पूर्ण रूपमा ध्वस्त बनायो । हाम्रो संस्था कुनै पनि सैन्य गतिविधिसँग सम्बन्धित छैन् । धेरै पत्रकारहरू आफ्नो कर्तव्यमा रहेका बेला ज्यान गुमाए । आसपासका आवासीय घरहरू पनि क्षतिग्रस्त भएका छन्, जसमा महिला र बालबालिकाको पनि मृत्यु भएको छ ।'
हौती समूहका प्रेस अधिकारी ओमर अल–बुखैतीले भने, 'इजरायलले बारम्बार सञ्चारमाध्यमहरूलाई निशाना बनाउँदै आएको छ, विशेष गरी ती मिडियाहरूलाई जसले इजरायलका अत्याचारहरू उजागर गर्छन् । यी पत्रकारहरूलाई योजनाबद्धरूपमा मारिएको हो ।'
हौती नियन्त्रित स्वास्थ्य निकायका अनुसार सानामा भएको इजरायली आक्रमणबाट हालसम्म ४७ जनाको मृत्यु भइसकेको छ भने १६५ जना घाइते भएका छन् । जसमा महिला र बालबालिका पनि छन् । भग्नावशेषभित्र अड्किएका मानिसहरूको उद्धार कार्य जारी रहेको छ ।
इजरायली सेनाले भने आफूहरूले हौती समूहका सैन्य शिविर, सार्वजनिक सम्पर्क केन्द्र र इन्धन भण्डारणस्थलमा प्रहार गरेको दाबी गरेको छ ।
हौती समूहले भने इजरायलमाथि आक्रमणहरू जारी राख्ने र गाजामा युद्ध तथा नाकाबन्दी अन्त्य गर्न दबाब दिइरहने बताएको छ । सीसीटीभी

# भारतीयले पाकिस्तानी खेलाडीसँग हात मिलाउन नमानेपछि...

**काठमाडौँ ।**
गत अप्रिलमा दुई देशबीचको द्वन्द्व चर्किएयता पहिलोपटक आमने सामने भएका भारतीय र पाकिस्तानी क्रिकेट खेलाडीहरूबीच दुबईमा सम्पन्न एसिया कपको खेलमा हात नमिलाएको घटनाले नयाँ तरंग ल्याएको छ ।




पाकिस्तानका प्रशिक्षक माइक हेसनका अनुसार भारतले सात विकेटको प्रभावशाली जित हासिल गरेपछि भारतीय खेलाडीहरूले पाकिस्तानी खेलाडीहरूसँग हात मिलाउन अस्वीकार गरेका थिए । खेल सकिएलगत्तै सामान्यतया दुवै टोलीका खेलाडीहरूले एकआपसमा हात मिलाएर सौहार्दपूर्ण सम्बन्ध प्रदर्शन गर्ने चलन भए पनि, भारतीय कप्तान सूर्यकुमार यादव र ब्याटिङ साझेदार शिवम दुबेले तत्कालै मैदान छाडे ।
यसपछि पाकिस्तानी खेलाडीहरू मैदानबाट बाहिरिँदा भारतीय खेलाडीहरू 'डगआउट' हुँदै ड्रेसिङ रुममा फर्किसकेका थिए । हेसनका अनुसार भारतीय कप्तान सूर्यकुमार यादवले टस जितेकोमा पाकिस्तानी कप्तान सलमान अली आगालाई बधाई समेत नदिएको गुनासो गरेका छन् । 'स्वाभाविक रूपमा हामी खेलको अन्त्यमा हात मिलाउन तयार थियौं,' न्युजिल्यान्डका हेसनले भने, 'हाम्रा प्रतिस्पर्धीले त्यसो नगरेकामा हामी निराश भयौं ।'
खेलपछि आयोजित पत्रकार सम्मेलनमा भारतीय कप्तान सूर्यकुमार यादवले उक्त जितलाई 'भारतले लैजाने उत्तम उपहार' भन्दै व्याख्या गरेका थिए । उनले थपे, 'हामी आतंकवादी हमलाका पीडितहरू र परिवारका साथमा छौं र हाम्रो ऐक्यबद्धता प्रस्तुत गर्छौं । हामी आजको जित निकै बहादुरी प्रस्तुत गरेका हाम्रा सबै सशस्त्र बलहरूलाई समर्पित गर्न चाहन्छौं ।'
यसमा कुनै पनि पाकिस्तानी खेलाडीले टिप्पणी गरेनन् ।
यो घटना गत अप्रिलमा भारत प्रशासित कश्मीरको पहलगाम नजिकै पर्यटकहरूमाथि भएको घातक आतंकवादी आक्रमणपछि भारत र पाकिस्तानबीच चलेको चारदिने सैन्य द्वन्द्वको पृष्ठभूमिसँग जोडिएको छ । भारतले उक्त हमलाका लागि पाकिस्तानलाई दोष लगाएको थियो, जसलाई पाकिस्तानले अस्वीकार गर्दै आएको छ । त्यसपछि भारतले पाकिस्तान एवं पाकिस्तान प्रशासित कश्मीरमा हवाई आक्रमण गरेपछि पाकिस्तानले जवाफी क्षेप्यास्त्र प्रहार गरेको थियो । दशकौँमा भएका सबैभन्दा खराब सैन्य भिडन्तमध्ये एकमा परेर दर्जनौं मानिसहरू मारिएका थिए ।
यस घटनापछि दुई छिमेकी देशहरूबीच विश्व स्तरका प्रतिस्पर्धाबाहेक अन्य कुनै पनि क्रिकेटमा एकअर्कासँग खेलेका छैनन् । एसिया कप रद्द गर्न वा खेल बहिष्कार गर्न आह्वान गरिएपछि पनि यो खेल अघि बढेको थियो । यदि दुवै टोली अघिल्ला चरणमा पुग्न सकेमा यस एसिया कपमा भारत र पाकिस्तान पुनः आमने सामने हुन सक्ने सम्भावना रहेको छ । –बीबीसी

# बङ्गलादेश सुधार चार्टरमा सहमति कार्यान्वयनमा मतभेद

बङ्गलादेशको अन्तरिम सरकारले सोमबार राजनीतिक दलहरू व्यापक सुधार चार्टरमा सैद्धान्तिक रूपमा सहमत भएको तर कार्यान्वयन प्रक्रियामा मतभेद देखिएको बताएको छ ।
सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहबाट प्रधानमन्त्री शेख हसिना अपदस्थ भएपछि १७ करोड जनसङ्ख्या भएको देश गम्भीर राजनीतिक उथलपुथलमा परेको थियो । अन्तरिम नेता मुहम्मद युनुसले सोही विद्रोहपछि तयार गरिएको २८ पृष्ठको 'जुलाई चार्टर' लाई समर्थन गर्नुभएको छ । यसमा प्रधानमन्त्रीलाई दुई कार्यकालसम्म सीमित गर्ने र राष्ट्रपतिको अधिकार विस्तार गर्ने प्रस्ताव समावेश छन् ।
सहमति आयोगका उपाध्यक्ष अली रियाजले करिब ३० दलसँग वार्ता गर्नुभएको छ । आइतबार सम्पन्न दोस्रो चरणको वार्तापछि उनले भने, 'राजनीतिक दलहरू ८४ वटा सुधार प्रस्तावमा सहमत छन् । केही असहमति मात्र छन् । अहिले विवादको मुख्य विन्दु तिनीहरूलाई कार्यान्वयन गर्ने तरिका हो ।'
मुख्य विवाद चार्टरको कानूनी आधारलाई लिएर हो । आलोचकहरूले फेब्रुअरीमा हुने चुनाव नभएसम्म यसले संविधानलाई ओभरराइड गर्न नसक्ने बताएका छन् । उनीहरूका अनुसार नयाँ संसद्ले मात्र यसलाई अनुमोदन गर्न सक्छ । शक्तिशाली बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले संसद्ले आफ्नो भाग्यको बारेमा निर्णय गर्न जोड दिन्छ भने इस्लामवादी पार्टी जमात–ए–इस्लामी र अन्यले यसलाई तुरुन्तै अनुमोदन गर्न चाहन्छन् ।जमात–ए–इस्लामीले चार्टर पारित गर्न दबाब दिने उद्देश्यले सेप्टेम्बर १८ मा ढाकामा र सेप्टेम्बर २६ मा देशव्यापी ¥याली गर्ने तयारी गरेको छ ।
रियाजले भने, 'कागजात मूलतः तयार भइसकेको छ । हामीले दलहरूलाई हस्ताक्षरका लागि प्रतिनिधि नामाङ्कन गर्न आग्रह गरेका छौँ ।'यसैबीच, अन्तरिम नेता युनुसले एकताको महत्त्व औँल्याउँदै भनेका छन्, 'हामी असहमतिमा अन्त्य गर्न सक्दैनौँ । चुनाव सफल हुन सहमति अपरिहार्य छ ।'

# जेन्जी आन्दोलनः ६८ वटा बैंकको शाखा कार्यालयमा आक्रमण



**काठमाडौँ।**
जेन्जी पुस्ताको आन्दोलन हिंसात्मक भएपछि देशभर ६८ वटा बैंकहरुको शाखा कार्यालयहरूमा आक्रमण भएको र ६९ वटा एटिएममा केही असर परेको छ।

नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्व पौडेलले जेन जी आन्दोलनका क्रममा बैंकहरुको कार्यालयहरूमा आक्रमण भएपनि बैंकिङ प्रणाली भने सबै ठिकठाक रहेको जानकारी दिए।

सोमबार नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालको पदभार ग्रहण कार्यक्रम पश्चात् बोल्दै गभर्नर पौडेलले यस्तो जानकारी दिएका हुन् । तर, आन्दोलनकारीहरूले बैंकहरु नै टार्गेट गरेको जस्तो देखिँदैन । उनले भने,' अहिलेको अवस्थामा सबैको मनोबल घटेका कारण उनीहरूको मनोबल बढाउनुपर्ने आवश्यकता छ।'रहेको गभर्नर पौडेलले बताए।

सो क्रममा डा. पौडेलले अनुभवी अर्थमन्त्री आनुभएकाले काम गर्न सहज हुने पनि बताए।

# सरकारी कार्यालयको सेवा सञ्चालन गर्न सहयोगी हात जुट्दै

**सुदूरपश्चिम।**
जेन्जी प्रदर्शनका क्रममा तोडफोड र आगजनी भई सेवा अवरुद्ध भएका कैलालीका सरकारी कार्यालयको सेवा सञ्चालनमा ल्याउन सहयोगी हात जुट्न थालेका छन् । जिल्ला प्रशासन कार्यालयका प्रवक्ता शिवराज जोशीले अवरुद्ध सेवा पुनः सञ्चालनमा ल्याउन विभिन्न विद्यालय, व्यवसायी, सङ्घसंस्थाबाट कम्प्युटर, फर्निचर, टेबललगायतका सामग्री सहयोग स्वरुप प्राप्त भइरहेको जानकारी दिए।

प्रदर्शनका क्रममा जिन्सी सामग्री र महत्त्वपूर्ण कागजात नष्ट भएपछि सरकारी कार्यालयहरुले सेवा प्रवाह गर्न सकेका छैनन् । जिल्ला प्रशासनलाई एरिष्टो इङ्लिस स्कुल र सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपिए)ले कम्प्युटर, प्रिन्टर, कुर्सीलगायतका सामग्री सहयोग गरेको छ । त्यसैगरी गोदावरी नगरपालिकाको कार्यालयलाई आज स्थानीय व्यवसायीले जिन्सी सामान सहयोग गरेका छन् । शहरी आवास तथा भवन कार्यालयमार्फत सरकारी भवनमा पुगेको क्षतिको विवरण सङ्कलन शुरु गरिएको छ।

जिल्ला प्रशासनको अगुवाइमा आज धनगढीमा उद्योग वाणिज्य सङ्घ, बैंक एसोसिएसन, वस्तुगत सङ्घसंस्थाका प्रतिनिधि र मानवअधिकारकर्मीबीच छलफल भएको थियो । छलफलमा सहभागीले विभिन्न कार्यालयमा अवरुद्ध सेवा पुनः सञ्चालनमा ल्याउन आवश्यक सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

कैलाली भन्सार कार्यालयले तोडफोड र आगजनीका क्रममा चोरी भएका सरसामान फिर्ता गरिदिन आज सार्वजनिक सूचना जारी गरेको छ।

जिल्ला प्रशासनलगायतका कार्यालयबाट चोरी भएकामध्ये कतिपय सामान फिर्ता हुन थालेका छन् । भन्सार कार्यालयले आइतबारदेखि कार्यालय परिसरमै रहेको गाडी पार्किङ भवनबाट सेवा सुरु गरेको छ। घटनापछि युवा समूहले विभिन्न सरकारी कार्यालयको सफाइ गर्न थालेका छन्।

प्रदर्शनका क्रममा कैलाली जिल्लाका सरकारी र निजी गरी १३७ कार्यालय तथा निजी घरमा आगजनी तथा तोडफोड भएको छ । ६६४ सवारीसाधन जलेर नष्ट भएका छन्।



**हलो जोत्दै प्रेममायाः** सिन्धुलीको तीनपाटन गाउँपालिका–७ गौरीगाउँस्थित बारीमा हलो जोत्दै प्रेममाया श्रेष्ठ। श्रीमान् विदेश गएपछि विगत तीन वर्षदेखि हलो जोत्दै आएको उनी बताउँछिन्। तस्बिरः रासस

# पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**बागलुङ ।**
अविरल वर्षाका कारण कालीगण्डकी करिडोरको बागलुङ खण्ड अवरुद्ध भएको छ ।

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको करिडोरको बागलुङ खण्डस्थित बागलुङ नगरपालिका–१३ कालाखोला बगर र जैमिनी नगरपालिका–८ बेलबगरमा पहिरो खस्दा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी केशव थापाले जानकारी दिए ।

पहिरोका कारण उक्त खण्डमा यातायात सेवा ठप्प भएको छ । कालाखोला छेत्रमा यसअघि पनि पहिरो खसेको थियो । पहिरोका कारण खुलाउन समस्या भइरहेको छ ।

कालीगण्डकी करिडोर आयोजना, निर्माण व्यवसायी र बागलुङ नगरपालिकाले वर्षा रोकिएपछि सडक खुलाउन प्रयास गर्ने प्रहरीको भनाइ छ ।रासस

# ‘चार ढुङ्गे सन्तानेश्वर महादेव’ ओझेलमा

**भोजपुर ।**
धार्मिक पर्यटकीय क्षेत्र यहाँको पौवादुङमा गाउँपालिका–५ सुप्लामा रहेको प्रसिद्ध चार ढुङ्गे सन्तानेश्वर महादेव मन्दिर ओझेलमा परेको छ । दोस्रो हलेसीसमेत भनेर चिनिने यो स्थान प्रचारप्रसार अभावमा ओझेलमा परेको हो ।

यहाँ महारुद्र, हिमालय, शिव लिङ्ग, गुप्तेश्वर महादेव, काली नाग, सेती नाग, सहस्श्र नाग, जलपा, पञ्चकोटी, झाक्री झाक्रिना, सिद्ध सिकारी, महारानी ठकुरारी, सिंहदेवी, शिलतादेवी, किरातेश्वर महादेव, रक्तकन्याको मूर्ति रहेको मन्दिरका पूजारी प्रेमबहादुर खड्काले बताए । यहाँ रामनवमी, तीज, शिवरात्रि, बालाचतुर्दशीलगायत अवसरमा भव्य मेलासमेत लाग्ने गरेको खड्काले जानकारी दिए ।

यो स्थानमा दर्शन गरेमा सन्तान प्राप्त हुने तथा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासले मानिस आउने गरेका छन् । प्रसिद्ध धार्मिकस्थल भए पनि प्रचारप्रसार अभावमा ओझेलमा परेको पूजारी खड्काले बताए ।

‘चार ढुङ्गे सन्तानेश्वर महादेव धेरै मासिनको अस्थाको केन्द्र हो’ उनले भने,‘यो देवस्थललाई हलेसीको दोस्रो रुपमामसेत लिइन्छ ।

यहाँ दर्शन गरेमा सन्तान प्राप्त हुने तथा चिताएको पुग्ने धार्मिक विश्वास छ । प्रसिद्ध धार्मिक क्षेत्र भए पनि प्रचार अभावमा ओझेलमा छ ।’ पछिल्लो समयमा यो स्थानको संरक्षणमा स्थानीय सरकारसँगै स्थानीयवासी जुटेका छन् । प्रसिद्ध धार्मिकस्थल रहेकोले यो स्थानको प्रचारप्रसारसँगै मन्दिरको विकास तथा थप जग्गा व्यवस्थापन गर्न स्थानीय जुटेका छन् । पौवादुङका सम्पूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासमा योजनाबद्ध रुपमा काम भइरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । गाउँपालिकाले वडा नं १ तिलाहार रहेको त्रिपुरेश्वर महादेव, धार्मिक तथा पर्यटकीय क्षेत्र अरुणडाँडा, सन्तानेश्वर महादेव, च्याङ्ग्रे पोखरी, कोटगढीलगायत क्षेत्रको योजनाबद्ध विकास गरिरहेको अध्यक्ष राईको भनाइ छ ।

पर्यटनमार्फत यी क्षेत्रलाई गाउँपालिकाको दिगो आम्दानीको स्रोतको रुपमा विकास गर्ने सोच रहेको अध्यक्ष राईले जानकारी दिए । ‘गाउँपालिकाभित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासमा जुटेका छौँ’अध्यक्ष राईले भने,‘कतिपय क्षेत्रको संरक्षण गरिसकेका छौँ । गाउँपालिकाभित्रका धार्मिक र पर्यटकीय क्षेत्रको विकास गरेर आर्थिक पक्षसँग जोडेर लैजाने हाम्रो लक्ष्य छ ।’ रासस

# भैरहवामा भारी वर्षाले जनजीवन प्रभावित

**रुपन्देही ।**
भैरहवा र यसका आसपासका क्षेत्रमा गएरातिदेखि परेको भारी वर्षाका कारण जनजीवन प्रभावित भएको छ । लगातारको झरीले सहरका विभिन्न भाग डुबानमा परेपछि स्थानीय बासिन्दालाई आवतजावतमा कठिनाइ भएको छ ।

विशेषगरी भैरहवाका वडा नम्बर ३ को खजहना, वडा नम्बर ६ को भैया टोल र बैंकरोड क्षेत्रमा पानी जमेको छ ।

सडकहरू पानी भरिँदा पैदल यात्रु र सवारीसाधन दुवैलाई समस्या भएको छ । स्थानीय बासिन्दाका घर र पसलमा पनि पानी पसेको छ ।



सहरको महत्त्वपूर्ण मानिने भीम अस्पताल परिसर पनि डुबानमा परेको छ । यसले गर्दा बिरामी र उनीहरूका आफन्तलाई अस्पतालसम्म पुग्न र त्यहाँभित्र आवतजावत गर्न असहज भएको छ ।

यसैगरी हालै सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रवेशद्वार र पार्किङ क्षेत्रमा समेत पानी जमेको छ । जसले गर्दा यात्रुहरूलाई केही असुविधा भएको छ ।

भारी वर्षाका कारण सडक यातायात पनि प्रभावित भएको छ । भैरहवामा रहेका कुलोहरू नयाँ बनाउने नाममा साँघुरो पारेको, समयमा त्यसको सरसफाइ नगरेका कारण यस्तो समस्या वर्षेनि आउने गरेको डुबान पिडित स्थानीय अजय गुप्ताको भनाइ छ ।रासस

# १३ कार्यालय र ६ घरमा तोडफोड तथा आगजनी

**रामेछाप।**
भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा सिन्धुलीमा ठूलो तोडफोड र आगजनीका घटना भएका छन्।

सो क्रममा १३ वटा सरकारी तथा गैरसरकारी कार्यालयमा क्षति पुग्नुका साथै ६ जना जनप्रतिनिधि र स्थानीय व्यक्तिहरूको घरमा समेत आगजनी, तोडफोड र लुटपाट भएको जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जनाएको छ।

आन्दोलनकारीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, कमलामाई नगरपालिका, मालपोत कार्यालय, जिल्ला समन्वय समिति, करदाता सेवा कार्यालय, नेपाल बार एसोसिएसन जिल्ला वार इकाई, कमलामाई नगरपालिका वडा नं ४, ५ र ६ का कार्यालयहरूमा तोडफोड र आगजनी गरेका छन्।

यसैगरी नेकपा (एमाले), नेपाली कांग्रेस र माओवादी केन्द्रका पार्टी कार्यालयमा समेत क्षति पुगेको प्रशासनले जनाएको छ।



जिल्ला प्रशासन कार्यालयका अधिकांश कागजात, तथ्याङ्क डाटा सेन्टर र नागरिकता, राहदानी, प्रशासन र मुद्दा फाँटका अभिलेख जलेका छन्।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालका अनुसार कार्यालयका २७ वटा कम्प्युटर, प्रिन्टरसहितका उपकरणमध्ये केही जलाइएका र केही चोरी भएका छन्।

जिल्ला अदालतका करिब आठसय मुद्दाका मिसिल, कम्प्युटर र विद्युतीय सामग्री जलेका छन् । बार भवनमा समेत कागजात बाहिर निकालेर आगो लगाइएको छ।

कमलामाई नगरपालिका र विभिन्न वडा कार्यालय, पञ्जिकरण, शिक्षा, वातावरण, महिला तथा बालबालिका, करलगायतका शाखामा रहेका सम्पूर्ण फर्निचर, कागजात र उपकरण तोडफोड तथा चोरी भएको छ । करदाता सेवा कार्यालय, मालपोत कार्यालय र नगरपालिका भवनका कागजात, कम्प्युटर र विद्युतीय सामग्री पनि जलाइएका छन्।

आन्दोलनकारीले पाँचवटा सरकारी सवारीसाधन जलाएका छन् । कमलामाई नगरपालिकाको बोलेरो र स्कारपियो, मालपोत कार्यालय र प्रशासन कार्यालयका मोटरसाइकल, करदाता सेवा कार्यालयको स्कुटर जलेर नष्ट भएका छन्। सरसफाइ गाडी, दमकलसहितका अन्य सवारीसाधनमा पनि क्षति पुगेको छ।

जनप्रतिनिधिहरूको निजी घरमा समेत तोडफोड र लुटपाट भएको छ। कांग्रेस सभापति तथा नगर प्रमुख उपेन्द्रकुमार पोखरेलको पुर्ख्यौली घरमा गरगहना, नगद र सामग्री लुटपाट हुनुका साथै गोठमा रहेका गाई जलेर घाइते भएका छन्।

नेकपा (एमाले) अध्यक्ष महेन्द्रदेव श्रेष्ठ, विघटित प्रतिनिधिसभा सदस्य श्याम घिमिरे र लेखनाथ दाहाल, प्रदेशसभा सदस्य छेत्रबहादुर बम्जन र कमलामाईका पूर्व मेयर खड्ग खत्रीका घरमा पनि आगजनी र तोडफोड भएको छ। आन्दोलनकै क्रममा सिन्धुली जेल फोरेर भागेका कैदीबन्दीहरू फर्कने क्रम जारी रहेको प्रशासनले जनाएको छ।

# रामेश्वरलाई कठिन समयमा अर्थ मन्त्रालयको बागडोर

**काठमाडौं।**
पूर्व अर्थसचिव रामेश्वर प्रसाद खनालले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा अर्थमन्त्रालयको जिम्मेवारी सम्हालेका छन्।

जेन्जी आन्दोलनको बलमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सत्ता पलट गरेसँगै अन्तरिम सरकारको अर्थमन्त्रालको जिम्मेवारी खनालले सम्हालेका हुन्।

पूराना राजनीतिक दल र तिनका नेता तथा कार्यकर्ताहरुको सत्ता स्वार्थ, भ्रष्टाचार र व्यक्तिगत स्वार्थको राजनीतिले वाक्क दिक्क भएको नेपाली समाजले अब भने मुलुकमा केही सकारात्मक परिवर्तन हुने अपेक्षा पनि गरिरहेको छ।

यद्यपी, यतिबेला जेन्जी आन्दोलनका कारण भएको ठुलो क्षतिका कारण मुलुकको अर्थतन्त्र पनि तहसनहस भएको अवस्थामा छ।

यस्तो शुन्यमा पुगेको मुलुकको अर्थतन्त्र सम्हाल्ने हिम्मत गरेर अर्थमन्त्रीमा नियुक्त भएका खनाल केहि महिना अघिसम्म तत्कालीन प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारको नियुक्तीमा उच्चस्तरीय आर्थिक सुधार सुझाब आयोगमा अध्यक्ष थिए । त्यसबेला उनले तत्कालीन सरकारलाई ४४७ पृष्ठ लामो आर्थिक सुधारसम्बन्धी प्रतिवेदन बुझाएका थिए।

खनाल आयोगको सो प्रतिवेदनमा मुलुकको अर्थतन्त्रका कमजोरीहरू के–के हुन्, ती समाधान गर्न आवश्यक तात्कालिक कदम र दीर्घकालीन उपायबारे विस्तृत सुझाव समेटिएको छ।



वि.स. २०१३ साल असारमा पाल्पा जिल्लाको तानसेनमा जन्मिएका खनाल सानैदेखि अत्यन्तै प्रतिभाशाली थिए । तानसेनकै स्कुलबा शैक्षिक यात्रा सुरु गरेका उनले कक्षा ८ सम्म लगातार प्रथम स्थान हाँसिल गर्न सफल भएका थिए।

विद्यार्थी जीवनमा उनी रेडक्रस सर्कल अध्यक्ष, विद्यार्थी सङ्गठन सल्लाहकार जस्ता भूमिकामा सक्रिय भए र स्नातकमा दोस्रो, स्नातकोत्तरमा तेस्रो स्थान हासिल गरे । जागिरे जीवनमा खनालले नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक र लोक सेवा आयोगमा लिखित परीक्षा पास गरे।

उनले करिब १५ वर्ष ९ महिना शाखा अधिकृतको रूपमा काम गरे । २०५३ सालमा सहसचिव पदमा नियुक्त भई महालेखा नियन्त्रकको कार्यालयमा कार्यरत भए र २०५९ सालमा अर्थ मन्त्रालय सरुवा भए।

२०६३ सालमा सचिव बनेर २०६७ सालसम्म सेवा दिए, तर पूरक बजेट विवादका कारण अर्थसचिव रहँदाकै अवस्थामा उनले राजीनामा दिनुप¥यो।

उनले सरकारी निर्णयमा स्वविवेकका आधारमा अवरोध गर्ने साहस देखाएका थिए, जस्तै आठ सय करार कर्मचारी स्थायी गर्ने प्रस्ताव अस्वीकार गर्नु, शेयर कारोबारमा लगानीकर्तालाई वार्तामा बाध्य बनाउनु, र निजामती कर्मचारीको अधिकार रक्षा गर्नु उनले गरेका केही साहसिक कार्यहरु थिए। अर्थ मन्त्रालयको सचिवको रूपमा सेवारत रहँदा उनले नेपालको राजस्व–देखि–जीडीपी अनुपात १२ प्रतिशत भन्दा कमबाट १५.३ प्रतिशत सम्म पु¥याएका थिए । जुन वित्तीय प्रदर्शनमा महत्वपूर्ण उपलब्धि मानिन्छ।

०७० सालमा उनी नेपाली काँग्रेसमा प्रवेश गरेपनि आफ्नो विवेकलाई राजनीतिक आवद्धतासँग सम्झौता गरेनन् । यस कारण उनलाई अर्थ मन्त्रालयले उच्चस्तरीय आर्थिक सुधार आयोगको नेतृत्व जिम्मा दिएको थियो। आयोगको प्रतिवेदन कार्यान्वयनका लागि चालू आर्थिक वर्षको बजेटमा प्रमुख सुझावको रूपमा समावेश गरिएको छ।

आफ्नो चार दशकभन्दा लामो करियरमा, खनालले नेपाल सरकारको जागिरसँगै शिक्षण क्षेत्र, र विभिन्न अन्तर्राष्ट्रिय विकासका विभिन्न उच्च पदहरू समेत सम्हालेका छन् र सुधारमुखी दृष्टिकोण तथा वित्तीय पारदर्शिताप्रति आफ्नो अडिग प्रतिबद्धताका लागि परिचित छन्।

उनको प्रभाव शिक्षण क्षेत्रमा पनि फैलिएको छ, जहाँ उनले साउथ एशियन इन्स्टिच्युट अफ म्यानेजमेन्ट र काठमाडौं विश्वविद्यालयमा वित्त तथा व्यवस्थापन नियन्त्रण विषयको अध्यापन समेत गराएका थिए।

प्रशासनिक भूमिकाहरूको अलावा, खनाल एक लेखक र स्तम्भकार पनि हुन्। सन् २०११ मा मात्र उनले विभिन्न पत्रपत्रिका र जर्नलहरुमा ५० भन्दा बढी लेखहरू प्रकाशन गरेका थिए । उनका आर्थिक नीतिमा आधारित विचारहरूले सार्वजनिक विमर्श र नीति निर्माणमा अझै प्रभाव पार्दै आएका छन्।

अन्तरिम सरकारको अर्थमन्त्रीका रूपमा अर्थतन्त्र सुधारको जिम्मेवारी पाएका उनीसामू छोटो समयमै आफ्नै प्रतिवेदन कार्यान्वयन गर्दै देशको आर्थिक इतिहासमा नयाँ भूमिका निर्वाह गर्ने चुनौती र अवसर रहेको छ।

स्वकीय सचिवालय नराख्ने घोषणा

नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले पदभार ग्रहण गरेका छन्।

सोमबार राष्ट्रपति कार्यालयमा शपथ लिए लगत्तै उनले सिंहदरबारस्थित मन्त्रालयमा कार्यभार सम्हालेका हुन्।

पदभार ग्रहणका क्रममा अर्थमन्त्री खनालले स्वकीय सचिवालय नराख्ने घोषणा गर्दै आफ्नो लागि एक सवारी चालक भए पुग्ने बताए।

निजी क्षेत्रसँग अन्तरक्रिया गरेर अघि बढ्ने बताउँदै उनले हिजोको तुलनमा परिवर्तनको महसुस हुनेगरी मन्त्रालयले प्रयास गर्ने पनि बताए।

साथै पूर्वतयारी नरहेका आयोजनाहरूको कामअगाडि नबढाउने र फजुल खर्च नियन्त्रण गर्ने उनको दाबी छ।

# मधेश प्रदेश 'सरकारविहीन' दुविधामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले आफ्ना मन्त्रीहरू फिर्ता बोलाएसँगै मधेश प्रदेशमा 'सरकार छ कि छैन' भन्ने प्रश्न सार्वजनिक बहसको केन्द्रमा आएको छ । तीन दिन बितिसक्दा पनि नयाँ सरकार निर्माणतर्फ कुनै प्रक्रिया अघि नबढ्दा प्रदेश शून्य अवस्थामा पुगेको जस्तो देखिन्छ । तर, संवैधानिक व्यवस्था र औपचारिक प्रक्रियामा अड्किँदा प्रदेश अहिले अनिश्चिततामा छ । भदौ २८ गते जनमत मधेश प्रदेश संसदीय दलले विज्ञप्ति जारी गर्दै आफ्नै नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएको घोषणा गर्यो । यसअघि भदौ २४ मा जेन्जी आन्दोलन चर्कँदा मुख्यमन्त्री सतिश सिंहले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेका थिए । तर, उनले अहिलेसम्म प्रदेश प्रमुखसमक्ष लिखित राजीनामा बुझाएका छैनन् । यही कारणले नयाँ सरकार गठन प्रक्रियामा ढिलाइ भएको हो । प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरू मुख्यमन्त्रीको औपचारिक राजीनामाको प्रतीक्षामा छन् ।

एमाले मधेशका संसदीय दलका नेता एवम् भौतिक पूर्वाधारमन्त्री सरोज यादव भन्छन्, 'अहिले विषम परिस्थिति छ । मुख्यमन्त्रीज्यूले लिखित राजीनामा बुझाएपछि मात्रै नयाँ सरकारबारे बहस शुरु हुन्छ ।' नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण यादव पनि सरकारविहीन नभएको दाबी गर्छन् । उनको भनाइमा संवैधानिक रूपमा मुख्यमन्त्रीलाई अझै ३० दिनभित्र विश्वासको मत लिने अधिकार छ । 'पार्टीले फिर्ता बोलाइसके पनि मुख्यमन्त्रीले विश्वासको मत लिन पाउने अधिकार छ,' यादवले भने । प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले जनमत पार्टीले प्रदेश प्रमुखको कार्यालयमा दर्ता गराएको पत्रले नैतिक दबाब मात्रै सिर्जना गर्ने बताए ।

'राजीनामा दिनुभएन भने पार्टीले फिर्ता बोलाउनुको कुनै कानुनी अर्थ रहँदैन,' उनले भने । उनका अनुसार मुख्यमन्त्रीलाई दलको साधारण सदस्यबाटै निष्कासन नगरेसम्म राजनीतिक दलसम्बन्धी कानुनअनुसार प्रक्रिया अघि बढाउन सकिँदैन । जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले अहिलेको सरकारलाई 'कामचलाउ' मात्र भएको टिप्पणी गरे । उनका अनुसार पार्टीले मुख्यमन्त्रीलाई फिर्ता बोलाइसकेपछि सिंहले नैतिकताको आधारमा तत्काल राजीनामा दिनु पर्छ ।

'अब मार्ग प्रशस्त गर्ने जिम्मेवारी मुख्यमन्त्रीकै हो,' उनले भने । यता, मुख्यमन्त्री सतिश सिंह भने आफू राजीनामा दिन तयार रहेको दाबी गर्छन् । तर, उनले व्यवहारिक अड्चन देखाउँछन् । 'अहिले राजीनामा कसलाई बुझाउने? प्रदेश प्रमुखज्यू आइसकेपछि लिखितरूपमै राजीनामा बुझाउँछु,' उनले भने । प्रदेशमा सरकार नेतृत्व गर्ने दलले नै समर्थन फिर्ता गरिसकेको छ । तर, संवैधानिक प्रक्रियामा अड्किँदा अझै औपचारिक परिवर्तन भएको छैन । यसैबीच दलहरू पर्ख र हेरको भूमिकामा छन् । मुख्यमन्त्री भने राजीनामा गर्ने 'उपयुक्त क्षण'को प्रतीक्षामा छन् । परिणामस्वरूप मधेश प्रदेश अहिले बीचको अवस्थामा पुगेको छ । यो संकट तत्काल टुंग्याउन मुख्यमन्त्री सिंहले लिखित राजीनामा बुझाउने वा विश्वासको मत लिनु पर्ने देखिन्छ । त्यतिन्जेल मधेश प्रदेश 'कामचलाउ' सरकारकै भरमा चलिरहेको छ ।

# जेन्जी आन्दोलनपछि मधेश प्रदेश सरकारको अस्तित्वमै प्रश्नचिह्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनको सफलतापछि देशभर भौतिक संरचनाको सरसफाइ, क्षतिको मूल्याङ्कन र सेवा सुचारु गर्ने प्रयास भइरहेका बेला मधेश प्रदेश भने अझै ठप्प छ । प्रदेश सरकारको वैधानिकता नै प्रश्नमा परेपछि यहाँ जनताले सरकारको उपस्थिति अनुभव गर्न नसकेको गुनासो बढेको छ । मुख्यमन्त्रीको दल जनमत पार्टीले सरकारबाट फिर्ता हुने घोषणा गरिसकेको छ भने मुख्यमन्त्री स्वयंले सामाजिक सञ्जालमार्फत राजीनामा दिइसकेका छन् । यति हुँदा पनि प्रदेशसभामा औपचारिक प्रक्रिया अघि बढेको छैन । यस कारण मधेश प्रदेश सरकार छ कि छैन? भन्ने संवैधानिक बहस चर्किएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव वासुदेव मल्लका अनुसार हाल कुनै पनि मन्त्रालय वा प्रदेश सरकारका कार्यालयले सेवा प्रवाह गर्न सकेका छैनन् । 'मन्त्रालयका अधिकांश भवन आन्दोलनका क्रममा क्षतिग्रस्त छन् । पहिले बसोबास र कार्यस्थलको न्यूनतम व्यवस्था गर्नुपर्छ, त्यसपछि मात्र सेवा सुरु गर्न सकिन्छ,' मल्लले भने । प्रदेश सरकारले कति क्षति बेहोरेको हो भन्ने अझै प्रस्ट हुन सकेको छैन । क्षतिको विवरण संकलनका लागि उपसचिव मल्लको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । यस समितिले सबै मन्त्रालय र कार्यालयमा क्षतिपूर्वक विवरण संकलन गर्ने जिम्मेवारी पाएको छ । आन्दोलनका क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित अधिकांश मन्त्रालय भवन जलेर वा तोडफोड भएर प्रयोग अयोग्य बनेका छन् । यसै कारण सरकारी कर्मचारी पनि आफ्ना कार्यक्षेत्रमा फर्किन सकेका छैनन् । प्रदेश सरकार अस्तित्वमै प्रश्नमा परिरहेको बेला सामान्य नागरिक भने सेवाबाट वञ्चित भएका छन् । व्यक्तिगत घटना दर्तादेखि विकास निर्माणसम्बन्धी कामसम्म ठप्प हुँदा सेवाग्राही मारमा परेका छन् । जिल्लास्तरीय कार्यालयहरूले आंशिक रूपमा सेवा शुरु गरिसके पनि प्रदेश सरकारले अझै सेवा दिन नसक्दा जनताले सरकार नभएको जस्तो अवस्था अनुभव गरिरहेको जनकपुरधामका एक स्थानीयले बताए ।

# नगरपालिकाले भन्यो - लुटेर तथा चोरेर लगेका सार्वजनिक सम्पति फिर्ता ल्याउ



**मधेशदृष्टि**
**सप्तरी ।**
जेन्जीको हिंसात्मक आन्दोलनका क्रममा सप्तरी जिल्लामै सर्वाधिक क्षति ब्यहोरेको राजविराज नगरपालिकाले कार्यालयबाट लुटिएका र चोरी गरी लगिएका सामानहरु तुरुन्त फिर्ता गर्न अपिल गरेको छ । नगरपालिका कार्यालयले सोमबार एक सूचना जारी गर्दै यस्तो अपिल गरेको हो । प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद चन्दवंशीद्वारा जारी सूचनामा गत मंगलबार प्रदर्शनकारीको हुलमा मिसिएका केही व्यक्तिद्वारा ल्यापटप, कम्प्युटर, ट्याव, प्रिन्टर, स्क्यानर, मनिटर, साउण्ड सिस्टम, गाडीका पार्टपुर्जा विद्युतीय उपकरण लगायतका सम्पती लुटपाट भएको उल्लेख छ ।
नगरपालिकाले आगजनी र तोडफोड संगै लुटपाट र चोरीमा संलग्न व्यक्तिहरुको फोटो र भिडियो सीसीटिभी क्यामरामा कैद भएको तथा सामाजिक सञ्जालहरु मार्फत समेत सार्वजनिक भइसकेकाले अविलम्ब लुटेर तथा चोरेर लगेका सार्वजनिक सम्पति फिर्ता ल्याउन सूचना मार्फत अपिल गरेको छ । कार्यवाहक नगरप्रमुख इसरत प्रवीणले जनताकै करबाट बनेका संरचना र सार्वजनिक सम्पति जलाउनु र चोरेर लानु अपराध भएको बताइन् । तोडफोड र आगजनीबाट नगरपालिकाको बारुणयन्त्र र एम्बुलेन्सदेखि फोहोर मैला उठाउने टिपर र ट्याक्टरसम्म नष्ट भएको छ । जसकारण विगत ६ दिन देखि फोहोर उठ्न नसक्दा नगर दुर्गन्धित बन्न थालेको छ । यसैबीच कार्यवाहक नगरप्रमुख परवीनको अध्यक्षतामा सोमबार सरोकारबाला निकायका प्रतिनिधि समेत राखेर बसेको बैठकले नगरक्षेत्रमा विशेष सरसफाई अभियान चलाउने निर्णय गरेको छ । उनले उक्त विशेष सरसफाई अभियानमा सरिक हुन सबैसंग आग्रह समेत गरेकी छन् ।

# लुटिएको हतियारसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनका क्रममा जनकपुरधामबाट सुरक्षाकर्मीको हतियार लुट्ने कार्यमा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भदौ २४ गते बेलुकी करिब ७ बजेतिर मधेश प्रदेश लोक सेवा आयोगको कार्यालयमा आन्दोलनकारी प्रवेश गरी तोडफोड तथा आगजनी गरेका थिए ।
सो क्रममा सुरक्षामा खटिएका प्रहरीबाट एसएलआर राइफल एक थान र ५० राउन्ड गोली लुटिएको थियो । घटनापछि प्रहरीको अनुसन्धान टोलीले सीसीटीभी फुटेज विश्लेषण गर्दै जनकपुरधाम उपमहानगरपालिका–९ का ३७ वर्षीय मनिषकुमार अधिकारी र २१ वर्षीय सन्तोषकुमार यादवलाई पक्राउ गरेको हो । प्रहरीले पक्राउ परेकाको साथबाट लुटिएको एसएलआर राइफल फेला पारेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले थप अनुसन्धान अघि बढाइरहेको र पक्राउ परेकालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी कारबाही अघि बढाइने जनाएको छ ।

# कर्फ्यु र निषेधाज्ञा खुकुलो



**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनपछि लगाइएको कर्फ्यु र निषेधाज्ञालाई जिल्ला प्रशासन कार्यालय पर्साले खुकुलो पारेको छ । जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै बिहान ५ बजेदेखि साँझ ९ बजेसम्मका लागि लगाइएको निषेधाज्ञाको आदेश सोमबारदेखि हटाएको छ । जिल्लामा शान्ति सुरक्षाको अवस्था सुदृढ हुँदै गएको र नागरिकको जनजीवन सामान्य बनाउनुपर्ने आवश्यकतालाई ध्यानमा राखेर निषेधाज्ञा हटाइएको कार्यालयले सूचना जारी गरि जनाएको छ । यसले नागरिकलाई निर्वाध रूपमा आवागमन गर्न र व्यापार व्यवसाय सञ्चालन गर्न सहज भएको छ ।

यद्यपि, वीरगंज महानगरपालिकाका तोकिएका क्षेत्रमा लगाइएको दंगाग्रस्त क्षेत्र र रात्रिकालीन कफ्र्यूको आदेश भने अर्को सूचना जारी नभएसम्मका लागि यथावत् राखिएको छ । शान्ति सुव्यवस्था कायम गर्न आइतबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले 'स्थानीय प्रशासन ऐन, २०२८' बमोजिम घण्टाघर चोकदेखि गण्डक चोकसम्मको राजमार्ग क्षेत्र र कारागार कार्यालय, पर्सा र त्यसको कम्पाउन्डभित्रको क्षेत्रमा गरि दुई स्थानलाई दङ्गाग्रस्त क्षेत्र घोषणा गरेको छ । प्रशासनले शान्ति सुव्यवस्था थप सुदृढ भएपछि यी आदेशहरूमा पनि पुनर्विचार गरिने जनाएको छ ।
जिल्ला प्रशासन कार्यालयले सबै सरकारी कार्यालयहरूबाट प्रदान हुने सेवाहरू भदौ २९ गतेदेखि नै शुरु भइसकेको जानकारी दिएको छ । आन्दोलनका कारण सेवा लिन नपाएका सेवाग्राहीहरूलाई ध्यानमा राखेर भदौ २४ गते राष्ट्रिय परिचयपत्र बनाउन टोकन लिएका सेवाग्राहीहरूलाई पहिलो प्राथमिकता दिइने भएको छ । प्रशासनले जिल्लामा शान्ति र सुव्यवस्था कायम राख्न तथा सार्वजनिक सम्पत्तिको रक्षा गर्न जारी गरिएका आदेशहरूको पालनाका लागि सबै जिल्लाबासीलाई आग्रह गरेको छ ।

# नेपाल टेलिकमको कार्यालयमा ठूलो क्षति



**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी पुस्ताले सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध गरेको आन्दोलनका क्रममा गत हप्ता वीरगंजको घण्टाघर क्षेत्रमा रहेको नेपाल टेलिकमको कार्यालयमा तोडफोड र आगजनीबाट ठूलो क्षति पुगेको छ । विरोध प्रदर्शनमा उत्रिएको आक्रोशित भीडले गरेको तोडफोड र आगजनीका कारण टेलिकम कार्यालयमा करिब ३ करोड रुपैयाँ बराबरको सम्पत्ति नष्ट भएको टेलिकमले जनाएको छ । नेपाल टेलिकम वीरगंजका प्रमुख मनिष रौनियारका अनुसार आन्दोलनकारीको अराजक समूहले सावारी साधनसहित कार्यालयका महत्त्वपूर्ण उपकरणहरू जस्तै कम्प्युटर, प्रिन्टर र अन्य संवेदनशील सामग्रीमा तोडफोड र आगजनी गरेको छ । रौनियारका अनुसार टेलिकमबाट विभिन्न सामग्रीहरू लुटपाट पनि भएको छ । कर्मचारीहरूले प्रयोग गर्ने ल्यापटपलगायतका सामग्रीहरू अराजक समूहले लुटपाट गरेको उनको भनाइ छ । उनले यसअघि नै टेलिकमले सार्वजनिक सूचना जारी गर्दै लुटिएको सामग्रीहरू फिर्ता ग्रह आह्वान गरेको छ । आन्दोलनको क्रममा वीरगंज महानगरपालिका, आन्तरिक राजस्व कार्यालय, विभिन्न वडाका वडा कार्यालय लगायत अन्य सरकारी कार्यालयहरू पनि निशानामा परेका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले क्षतिको मूल्याङ्कन पारदर्शी र यथार्थपरक रूपमा गर्न निर्देशन दिएका छन् ।

# जिल्ला प्रशासन रौतहटको १० बुँदे निर्देशन




**मधेशदृष्टि**
**रौतहट ।**
जेन्जी आन्दोलनपछि जिल्लामा नागरिकलाई सहज र प्रभावकारी सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालय रौतहटले १० बुँदे निर्देशन जारी गरेको छ ।
जिल्ला प्रशासन कार्यालयको आयोजनामा बसेको कार्यालय प्रमुखहरूको बैठकको निर्णयअनुसार सो निर्देशन सार्वजनिक गरिएको हो ।
आन्दोलनका क्रममा तोडफोडबाट भएको क्षतिको व्यवस्थापन र आगामी दिनमा कार्यालयीय कार्यलाई व्यवस्थित बनाउन प्रशासनले निर्देशन जारी गरेको हो । निर्देशनअनुसार सम्बन्धित कार्यालयहरूले तोडफोड तथा आगलागीबाट भएको अनुमानित क्षतिको विवरण प्रमाणसहित प्रशासनमा बुझाउनुपर्नेछ । साथै, कार्यालय परिसर र आफ्नै भवन तथा कर्मचारीहरूको सुरक्षामा विशेष ध्यान दिन र स्थानीय समुदायसँग सहकार्य गर्न भनिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन